म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १०२ शुक्रबार, १२ मंसिर २०८२ ने. सं. ११४६ कछलागा 28 November 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भीमफेदीको बाघमारामा मृतव्यक्ति फेला

हेटौंडा, ११ मंसिर/मकवानपुरको भीमफेदी गाउँपालिका-९ मनकामना डाँडास्थित देउराली सामुदायिक वनको बाघमारा क्षेत्रमा एकव्यक्ति मृतअवस्थामा फेला परेका छन् । बुधवार दिउँसो बाघमारा बस्ने ४५ वर्षीय राजेश परियार मृतफेला परेको प्रहरीले जनाएको छ । बागमती प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवम् सूचनाअधिकारी प्रहरी उपरीक्षक मुकुन्दप्रसाद रिजालका अनुसार परियार आफ्नी श्रीमती बिन्दा परियारसँग घरदेखि उत्तरतर्फ रहेको सामुदायिक वनमा घाँस काट्न गएका थिए । उनको हर्रोको रुखको फेदमा अडेसो लगाई बसेको अवस्थामा ढलेका थिए । बाहिरी चोटपटक नदेखिएकाले हृदयघातका कारण मृत्यु भएको हुनसक्ने प्रहरीले प्रारम्भिक अनुमान गरेको छ । राजेशसँगै रहेकी श्रीमती बिन्दा परियार बेहोस् अवस्थामा फेला परेकी छन् । स्थानीयले उनलाई उद्दार गरी घर लगेका छन् । मृतकको मुचुल्कासहित आवश्यक कानुनी प्रक्रिया पूरा गरी शवपरीक्षणका लागि हेटौंडा अस्पताल ल्याइएको प्रहरीले जनाएको छ । घटनास्थल इलाका प्रहरी कार्यालय भीमफेदीबाट करिब २७ किलोमिटर पश्चिमतर्फ पर्छ ।

### 'टास्क टिम' एक्सनमा उत्रियो, सडकमा रेखांकन सुरु

# मउवा संघलाई मन्त्री घिसिङ्ले भने: सडक विस्तार यसपटक रोकिँदैन

मनिल महतो

हेटौंडा, ११ मंसिर/सडक अतिक्रमण गरी निर्माण गरिएका स्थायी तथा अस्थायी संरचना हटाउन बिहीबारबाट रेखांकन र रङ लगाउने काम सुरु भएको छ । सडक बिस्तार कार्यलाई अगाडि बढाउनका लागि बुधबार गठन गरिएको विशेष टास्क टिमले कार्य प्रारम्भ गरेको हो ।



टिमले हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटेबाट मार्किङको काम सुरु गरेको हो । रातोमाटेबाट सुरु गरिएको सीमाक्षेत्र रेखांकन बुद्धचोकसम्म सम्पन्न भएको छ । हेटौंडा उपमहानगरपालिका-९ मा विवाद भएपछि त्यहाँ रेखांकन कार्य छोडेर कर्राक्षेत्रमा रेखांकन गरिएको छ । रेखांकनकार्य १/२ दिनमा सक्ने टास्क टिमको तयारी रहेको छ । यसअघि डिभिजन सडक हेटौंडाले मंसिर ५ गते १५ दिने सूचना जारी गरेको थियो । सूचनाको अवधि यही १९ मंसिरमा सकिँदै छ । यो अवधिमा संरचना नहटाएमा मंसिर २० गते बिहानैदेखि डोजर परिचालन गरी सडक विस्तारको काम अघि बढाइने सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख गुरुप्रसाद अधिकारीले जानकारी दिए ।

अधिकारीका अनुसार विभिन्न स्थानबाट एकैपटक डोजर चलाइनेछ । उनले भने, '१९ गतेसम्म अतिक्रमित संरचना आफैं नभत्काए २० गते बिहानबाट अतिक्रमित संरचना भत्काउन डोजर प्रयोग हुन्छ ।' अतिक्रमित संरचना हटाउन सुरु भएपछि बजारक्षेत्रको मुख्य सडकमा सवारीसाधन आवागमन रोकिने र बाइपास सडक प्रयोग गर्नुपर्ने जिल्ला प्रहरी कार्यालय मकवानपुर र जिल्ला ट्राफिक कार्यालय हेटौंडाले जनाएको छ । सडक विस्तारलाई प्रभावकारी र व्यवस्थित रुपमा अघि बढाउन जिल्ला प्रशासन कार्यालय मकवानपुरले विशेष 'टास्क फोर्स' गठन गरेको छ ।

बुधबार बसेको सरोकारवाला निकायको बैठकले सडक डिभिजन कार्यालय मकवानपुरका इन्जिनियर यादव सुवेदीको संयोजकत्वमा टास्क फोर्स गठन गरेको हो । समितिमा हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय, नापी कार्यालय, खानेपानी व्यवस्थापन बोर्ड, वन कार्यालय, नेपाल विद्युत् प्राधिकरण, दूरसञ्चार प्राधिकरण लगायत प्रतिनिधि सदस्य रहेका छन् । टास्क फोर्सको कार्यालय सडक डिभिजन कार्यालयमै रहनेछ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले सडक विस्तारका क्रममा विद्युत्, खानेपानी, टेलिफोन लगायत अत्यावश्यक सेवामा अवरोध नआओस् भनेर सम्बन्धित निकायसँग समन्वय भइरहेको जानकारी दिए ।

सडक डिभिजन कार्यालयले सार्वजनिक सूचना जारी गर्दै रातमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म तथा बुद्धचोकदेखि सामरी पुलसम्मको सडक खण्डमा सडकको मध्यभागबाट दायाँ-बायाँ २५-२५ मिटर क्षेत्रभित्र पर्ने स्थायी-अस्थायी संरचना १५ दिनभित्र हटाउन आग्रह गरेको छ । सूचनाअवधि सकिएपछि भने संरचनाहरु बलपूर्वक हटाइने बताइएको छ ।

**पहिलो चरणमा २० वटा डोजर प्रयोग**

सडक विस्तारको क्रममा डोजरलगायत हेभी इक्विपमेन्ट अभाव नहोस् भनेर कार्यालय तयारीमा जुटेको छ । सडक विस्तार गर्न पहिलोचरणमा २० वटा डोजर प्रयोग गर्ने तयारी भइरहेको छ । यसका लागि कार्यालयले जिल्लाको विभिन्न स्थानमा रहेको डोजर तथा हेभी इक्विपमेन्ट संकलन गरिरहेको कार्यालयले जनाएको छ । कार्यालयका सूचना अधिकारी यादब सुवेदीका अनुसार आवश्यक परेको खण्डमा जनकपुर र काठमाडौंबाट थप साधन ल्याइनेछ । 'अहिले प्राकृतिक विपद्को समय होइन । जसका कारण हामीलाई डोजरको समस्या हुँदैन । हाम्रो कार्यालयकै हेभी इक्विपमेन्टले पुग्छ । आवश्यक परेमा थप ल्याउनेछौं' उनले भने ।

यता हेटौंडाको सडक विस्तार गर्न हेभी इक्विप्मेन्ट डिभिजन हेटौंडा तयारी अवस्थामा रहेको छ । डिभिजन सडक कार्यालयले १५ दिने सूचना जारी गरेसँगै हेभि इक्विप्मेन्ट डिभिजन तयारी अवस्था रहेको हो । घर भत्काउने र सडक निर्माणलगायतका कार्यका लागि आवश्यक पर्ने मेशिनरी र गाडीहरु आफूहरुसँग पर्याप्त मात्रामा रहेको हेभी इक्विप्मेन्ट डिभिजन हेटौंडाका सूचना अधिकारी बरुणकुमार साहले जानकारी दिए । हेभी इक्विपमेन्ट डिभिजन हेटौंडासँग भएका लम्बुङ एक्साभेटर, ह्विल एक्साभेटर, लोडर, जेसिबी, टिपर, ट्रकलगायत मेशिन तयारी अवस्थामा रहेको र कार्यालयले जुनसुकै बेला प्रयोग गर्नसक्ने सूचना अधिकारी साहको भनाइ छ ।

थप उपकरण आवश्यक परेमा काठमाडौंबाट पनि मगाउन सक्ने उनले जानकारी दिए । सडक डिभिजनलाई निजी कम्पनीको भर पर्नुपर्ने अवस्था नरहेको उनको भनाई छ । लामो समयदेखि सूचना प्रकाशनमा मात्र सीमित हुँदै आएको सडक विस्तारकार्य यसपटक भने अघि बढ्ने निश्चित भएको छ ।

**विद्युत् संरचना व्यवस्थापनका लागि हटाउने कार्य सुरु गरिँदै**

महेन्द्र राजमार्गअन्तर्गत् हेटौंडा-१५ रातोमाटेदेखि बुद्धचोक हुँदै राप्तीपुलसम्म तथा त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलखण्डसम्म पर्ने सडकक्षेत्र खाली गराउने क्रममा सडक छेउका विद्युत् संरचना स्थानान्तरण गरिने भएको छ ।

सडक डिभिजन हेटौंडाको पत्रअनुसार, राजमार्गको केन्द्र रेखाबाट दायाँ/बायाँ करिब २५/२५ गजभित्र पर्ने सबै संरचना स्थानान्तरण गर्नुपर्ने भएकाले सो क्षेत्रमा रहेका विद्युत् मिटरबक्स, पोल तथा अन्य उपकरण हटाइ पुनःस्थापना गर्ने प्रक्रिया अघि बढाइएको हो ।

विद्युत् वितरण केन्द्र हेटौंडाले जारी गरेको सूचनामा संरचना स्थानान्तरणका क्रममा विद्युत् ग्राहकले आवश्यक सावधानी अपनाउन तथा संभावित दुर्घटना र क्षति हुन नदिन सहयोग पुऱ्याउन अनुरोध गरिएको छ । संरचना स्थानान्तरणअघि मिटर तथा विद्युत् उपकरणहरु सुरक्षित स्थानमा सार्नुपर्ने भएकाले यस सम्बन्धमा कुनै समस्या वा जानकारी आवश्यक परेमा सम्बन्धित ग्राहकले वितरण केन्द्रसँग सम्पर्क गर्न आग्रह गरिएको छ ।

**मन्त्री घिसिङको ध्यानाकर्षण**

विगतदेखि नै २५ मिटर विस्तारको विरोधमा रहँदै आएको मकवानपुर उद्योग वाणिज्य संघले भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङको ध्यानाकर्षण गराएका छन् । हेटौंडा बजारको समग्रअवस्थासहित संघले मन्त्री घिसिङको ध्यानाकर्षण गराएको हो । संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको नेतृत्वको टोलीले बिहिबार मन्त्रालयमै पुगी मन्त्री घिसिङलाई ध्यानाकर्षणपत्र बुझाएको छ ।

मन्त्री घिसिङले हेटौंडाको सडक विस्तार यसपटक नरोकिने बताएका छन् । भेटघाटमा एडिबीसँग सरकारले सडक विस्तार गर्ने प्रण गरेको र २५ गजभन्दा धेरैको हकमा मात्र क्षतिपूर्ति रकम उपलब्ध गराउने उनले स्पष्ट पारेका छन् । उनले मेनरोड, राप्तीरोड र चौकीटोल सबैतिर भत्किने स्पष्ट पारेको छन् । टोलीमा संघका उपाध्यक्ष उज्ज्वल चौलागाई, पूर्वअध्यक्षहरु उत्तम शर्माढकाल, कृष्ण कुमार गुप्ता, कृष्ण कटुवाललगायत थिए । २५ गजको सट्टा १६ मिटर सडक विस्तार गर्न संघले माग गर्दै आएको छ ।

# पत्रकार र कर्मचारी सामाजिक सुरक्षाको दायरामा आउने

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/पत्रकार र कर्मचारीहरु अबदेखि सामाजिक सुरक्षाको दायरामा आउने भएका छन् । बिहीवार सिंहदरबारमा एक कार्यक्रमको आयोजना गरी यसबारे जानकारी दिइएको हो ।



कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सञ्चार मन्त्रालय मातहत रहेका प्रमुख सञ्चार संस्थाहरु गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति (रासस), सार्वजनिक सेवा प्रशारण (पीएसपी) अन्तर्गतका रेडियो नेपाल र नेपाल टेलिभिजन, प्रेस काउन्सिल नेपाल र न्युनतम पारिश्रमिक निर्धारण समितिलाई सामाजिक सुरक्षामा जोड्ने काम सुरु भइसकेको बताए । उनले अब देशभरका पत्रकार, सञ्चारकर्मी र सरकारी सञ्चार संस्थाका कर्मचारी सामाजिक सुरक्षाको औपचारिक दायरामा प्रवेश गर्ने बताए ।

आगामी दिनमा सबै सञ्चारकर्मीलाई प्रणालीगतरुपमा सामाजिक सुरक्षामा समावेश गर्ने विस्तृत कार्ययोजना कार्यान्वयन गरिने उनले बताए । मन्त्री खरेलले पत्रकारको पेशागत सुरक्षासँगै आर्थिक तथा सामाजिक सुरक्षालाई सरकारका प्राथमिक एजेण्डामध्ये एक बनाइएकाले यो कदम महत्वपूर्ण भएको बताए । मन्त्री खरेलले निजी सञ्चार माध्यमलाई उत्साहित हुँदै सामाजिक सुरक्षाको दायरामा आउन आह्वान गरे ।

सामाजिक सुरक्षा कोषले १ खर्ब २६ अर्ब रुपैयाँ लगानी गरेको छ ।'आठौं सामाजिक सुरक्षा दिवसको अवसरमा सञ्चार मन्त्रालयका मातहतका निकायहरु खासगरेर अब गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति, सार्वजनिक सेवा प्रसारण (पीएसपी) अन्तर्गतको रेडियो नेपाल, नेपाल टेलिभिजन र प्रेस काउन्सिल र न्युनतम पारिश्रमिक निर्धारण समिति यी संस्थामा चाहिँ आजबाट प्रारम्भ हुने गरेर हामीले सुरुवात गरेका छौं र सामाजिक सुरक्षा कोष र यी निकायबीचमा समझदारीपत्रमा हस्ताक्षर भएको छ र यी निकाय अन्तर्गतका सबै पत्रकार, सञ्चारकर्मी र कर्मचारी अब सामाजिक सुरक्षाको दायरामा आउने कामको प्रारम्भ भएको छ र यो सुरुवात हो र यस पछाडि थप काम अगाडि बढ्दै जानेछ' उनले भने ।

सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले कोषमा योगदानकर्ताबाट जम्मा भएको ९५ अर्बसहित १२६ अर्ब रुपैयाँ सामाजिक सुरक्षा कोषले विभिन्न ठाउँमा लगानी गरेको जानकारी दिएका छन् । उनले लगानी कार्यविधिबमोजिङ मुद्दति खातादेखि विभिन्न ऋणपत्रमा लगानी गरेको बताए । कार्यकारी निर्देशक अधिकारीकाअनुसार ५८ अर्ब ८९ करोड बैंकको विभिन्न मुद्दतीमा लगानी भएको छ भने ३२ अर्ब १९ करोड ट्रेजरी बिलमा, २१ अर्ब ७६ करोड विकास ऋणपत्रमा, ४ अर्ब ५२ करोड डिबेञ्चरमा, १ अर्ब ९५ करोड म्युचुअल फण्डमा लगानी गरेको जानकारी दिए ।

त्यस्तै कोषले २० हजार योगदानकर्तालाई सापटीबापत ७ अर्ब ७९ करोड ८३ लाख रकम लगानी गरेको छ । योगदानकर्ता सापटी अन्तर्गत कोषले वार्षिक ५.२ प्रतिशत व्याजदरमा विशेष सापटी दिने गरेको छ भने ५.८६ प्रतिशत ब्याजदरमा घर तथा शैक्षिक सापटी दिनेगरी अधिकारीले बताए । योग्य योगदानकर्तालाई सहुलियतपूर्ण सापटी लिन समेत आग्रह गरिएको छ । बैंकिङ क्षेत्रमा अधिक तरलताका कारणले प्रभावकारी रुपमा लगानी गर्न सकिएको छैन । यो अल्पकालीन चुनौती हो ।

कोषको योजनाको प्रभावकारी कार्यान्वयनमार्फत वार्षिक १ खर्बसम्म संकलन गर्नसक्ने र त्यो रकमलाई राज्यको पूर्वाधार निर्माणमा लगाउन सकिने सम्भावना रहेको बताइएको छ । वैदेशिक क्षेत्रको नियमितता गर्नु, अनौपचारिक क्षेत्रको सहयोगदानको सुनिश्चितता गर्दै आवद्धता गर्नु कोषको चुनौती भएको कार्यकारी निर्देशक अधिकारीले बताए । अधिकारीका अनुसार कोषमा श्रमिकको आवद्धताका लागि ११४ पालिकासँग एमओयू गरिसकिएको छ । केही पालिकाले योगदान रकम जम्मा गर्न थालिसकेको उनको भनाइ छ ।

# प्रदेशप्रमुख देवकोटासमक्ष जनजाति आयोगको वार्षिक प्रतिवेदन पेश

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/नेपाल आदिवासी जनजाति आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटासमक्ष पेश गरिएको छ ।



आयोगका सदस्य सूर्य बहादुर गुरुङले प्रदेशप्रमुख देवकोटा समक्ष वार्षिक प्रतिवेदन पेस गरेका हुन् । कार्यक्रममा आयोगका सदस्य गुरुङले हरेक वर्ष प्रतिवेदन पेस गरिँदै आएपनि अहिलेसम्म प्रदेशस्तरमा प्रतिवेदनबारे गम्भीर छलफल नहुनु चिन्ताजनक भएको बताए । उनले भाषासम्बन्धी कानुन बनेपनि कार्यान्वयनमा अत्यधिक ढिलाइ भएको र लोपोन्मुख जातिहरुको अवस्थामा 'गम्भीर भएर सोच्नुपर्ने अवस्था' आएको उल्लेख गरे । उनका अनुसार, आयोगले राष्ट्रपतिसमक्ष गरेका धेरैजसो महत्वपूर्ण सिफारिसमध्ये ९० प्रतिशतभन्दा बढी अझै कार्यान्वयन हुन बाँकी छ ।

सीमित स्रोतसाधनका बाबजुद आयोगले निरन्तर काम गरिरहेको उनले बताए । प्रदेशप्रमुख देवकोटाले प्रतिवेदनमा उल्लेखित धेरै बुँदाहरु कार्यान्वयन नहुनु राज्य संरचनाको कमजोरी भएको स्वीकार गर्दै आगामी दिनमा प्रतिवेदनलाई गम्भीरतापूर्वक लिएर प्रदेश सरकारको ध्यानाकर्षण गराउने प्रतिवद्धता जनाए । कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष जङ्गबहादुर गुरुङ, नेपाल तामाङ घेदुङ बागमती प्रदेश अध्यक्ष लीलाकुमार घलान, जिल्ला अध्यक्ष कालू घलानलगायतको उपस्थिति थियो ।

## चोरीको स्कुटर सहित एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/जिल्ला प्रहरी कार्यालय मकवानपुरले चोरी भई हराएको एक स्कुटरसहित एकजनालाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार हेटौंडा-२ का ६० वर्षीय सुमनलाल श्रेष्ठको नाममा दर्ता भएको ना १८ प ५३३८ नम्बरको स्कुटर वडानं. १० स्थित गोरक्षेश्वर मन्दिरबाट २०८२ मंसिर ३ गते बिहान करिब ५:४० बजे चोरी भएको भन्ने उजुरी प्राप्त भएपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो ।

स्कुटरसहित हेटौंडा-९ बस्ने ३७ वर्षीय रितेश श्रेष्ठलाई फेला पारेर नियन्त्रणमा लिइएको प्रहरीले जानकारी दिएको छ । उनलाई चोरी मुद्दामा म्याद अनुमति लिई थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

| पद | आवश्यक संख्या |
|---|---|
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

**सम्पर्क नं. ९८५५०७२१०९**

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा भत्काउन कसिलो रणनीति

हेटौंडा बजार क्षेत्रमा रहेको राजमार्गको २५ मिटर दायाँबायाँ बनेका घरटहरा भत्कने समाचार आएपछि एकजना गृहिणीले यो कुरा पत्यार नलागेको बताइन् । उनले भनिन् '२६ वर्षदेखि यस्तै ब्यहोराको सूचना मैले पढिरहेको छु तर, बजार भत्केको छैन ।' फेरि, यो पटक अवश्य भत्कन्छ भन्ने कुराको ग्यारेन्टी चाँहि के छ त ? यसको मतलव अझै पनि केही नगरवासीलाई यो सूचना पनि तुहिने हो कि ? भन्ने लागेको पाइन्छ । अहिले पनि बजार क्षेत्र भत्काउन सकिएन भने आगामी दिनमा हेटौंडाको भबिष्य अन्यौल नै रहने हो । जिल्ला प्रशासन कार्यालय मकवानपुरमा बुधबार बसेको कार्यालयप्रमुखको बैठकले बजारक्षेत्रमा सडक विस्तारका लागि विशेष टास्क टिम गठन गरेको छ । सडक डिभिजन कार्यालय मकवानपुरका इन्जिनियर यादव सुवेदीको नेतृत्वमा गठन गरिएको टास्क फोर्समा हेटौंडा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय, नापी कार्यालय, खानेपानी व्यवस्थापन बोर्ड, वन कार्यालय, नेपाल विद्युत प्राधिकरण, दूरसञ्चार प्राधिकरण लगायत सम्बन्धित निकायका प्रतिनिधि सदस्य छन् । टास्क फोर्सले बुधबारबाटै माइकिङसहित प्रारम्भिक कार्य सुरु गरिसकेको छ ।

टास्क फोर्सको कार्यालय सडक डिभिजन कार्यालयमै रहनेछ । सडक विस्तारका क्रममा विद्युत, खानेपानी, टेलिफोनलगायत सेवामा समस्या नआओस् भनेर सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको प्रजिअ बसन्त अधिकारीले बताएका छन् । टास्क फोर्सले महेन्द्र राजमार्ग र त्रिभुवन राजपथअन्तर्गत सडकसीमा अतिक्रमण गरी बनेका स्थायी तथा अस्थायी संरचनामा रेखांकन गर्ने, रंग लगाउने तथा आवश्यक कारबाही अघि बढाउने लगायत कार्य सुरु गरेको छ । प्रदेश राजधानी भएका कारण बस्न योग्य सहर बनाउन सडक विस्तार अपरिहार्य छ । एसियाली विकास बैंक (एडिबी) बाट स्रोत सुनिश्चित भइसकेकाले अब यो कार्य रोकिन हुँदैन । सुन्दर सहर निर्माणको अभियानमा सबै सकारात्मक भएर सहभागी बन्नुको बिकल्प छैन । सडक सीमाक्षेत्रभित्र पर्ने घरधनीहरु स्वयम्ले संरचना हटाइदिए सडक विस्तार सहज हुनेमा प्रजिअ अधिकारीको अपेक्षा रहेको छ । सबैलाई जीतको अनुभूति हुनेगरी काम अघि बढाइने उनले बताएका छन् । लामो समयदेखि सूचना प्रकाशनमा मात्र सीमित हुँदै आएको सडक विस्तारकार्य यसपटक भने अघि बढ्ने निश्चित भएको छ । हेटौडाको मुख्यबजारमा मंसिर २० गतेदेखि सवारी आवागमनमा रोक लगाईंदैछ । सडक विस्तारकार्यलाई सुचारु बनाउन बाइपास मार्गहरु तयारी पार्ने काम तीव्र बनाइएको छ । डिभिजन सडक कार्यालयका प्राविधिकसहित प्रजिअ अधिकारीले चौकीटोल हुँदै रातोमाटेसम्मको बाइपास सडकको अवस्था निरीक्षण गर पछि आवश्यकता अनुसार मर्मत गरी वैकल्पिकरुपमा यातायात सञ्चालनको व्यवस्था गर्न लागिएको छ । सडक विस्तारका कारण मुख्य बजारक्षेत्रमा सवारी चल्दा अवरोध हुने भएकाले २० गतेदेखि बजारभित्र सवारी आवागमन रोक्ने र वैकल्पिक मार्ग प्रयोग गराउने तयारी भएको छ । २० गते अगावै वाइपास सडक मर्मतको कार्य सक्ने तयारी भएको छ ।

सर्वोच्च अदालतको फैसलाले सडक विस्तारका लागि कानूनी मार्गप्रशस्त गरिदिएकोले यसपटक सूचना मात्रैमा सीमित नरही २० गतेदेखि सडक विस्तारकार्य सुरु हुनेछ । समयावधि भित्र संरचना नहटाए नियम अनुसार कार्य अघि बढाइने तयारी प्रशासनको छ । हेटौंडाको सडक विस्तारक्षेत्रमा ५ सय ३० भन्दा बढी घर-टहरा रहेको सडक डिभिजनले जनाएको छ । रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म तथा बुद्धचोकदेखि सामरी पुलसम्म सडकको मध्येभागबाट २५/२५ गज दायाँबायाँ निर्माण भएका स्थायी-अस्थायी घरटहरा तथा अन्य संरचना हटाउने कार्य सुरु भएको हो । २०३४ पछि निर्माण भएका २५ मिटरमा पर्ने कुनैपनि संरचना भत्काउँदा सरकारले क्षतिपूर्ति दिन नपर्ने सर्बोच्च अदालतको आदेशमा भनिएको छ । २०२१ देखि २०३४ को बीचमा १३ वर्षको अवधिमा ७ फिट जग्गामा बनाएको संरचना भत्काउँदा मात्रै क्षतिपूर्ति दिन सर्वोच्चले आदेश दिएको थियो । सूचनामा तोकिएको समयसीमाभित्र अतिक्रमित संरचना हटाएको नपाइएमा सडक डिभिजनद्वारा हटाइने र सो वापत लाग्ने खर्च सार्वजनिक सडक ऐन, २०३१ एवं अन्य प्रचलित कानूनबमोजिम संबन्धितबाट असूलउपर गरिने सडक डिभिजनले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर १३ गते शनिबार २९ नोभेम्बर २०२५ । नवमी, मार्ग शुक्लपक्ष । थिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३७ सूर्यास्त ५:०६।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विद्यार्थीका लागि लाभदायक | तुला | : दिन राम्रोसूग बित्नेछ |
| वृष | : सम्मानित काम हुनेछ | वृश्चिक | : चोट लाग्ने सम्भावना देखिन्छ |
| मिथुन | : धार्मिक काममा रुचि बढ्नेछ | धनु | : चिन्ता, भय र आशंका बढ्नेछ |
| कर्कट | : काममा एकरुपता आउनेछ | मकर | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| सिंह | : यात्राबाट लाभ हुनेछ | कुम्भ | : काममा प्रगति हुनेछ |
| कन्या | : धनको समस्या पार लाग्नेछ | मीन | : व्यापारमा लाभ हुनेछ |

# अन्तरपुस्ता संघर्षको आँखाबाट कांग्रेस अन्तरद्वन्द्वको अन्तर्य



✍शंकर तिवारी

भदौ २३ र २४ को जेनजी उथलपुथलले ऐतिहासिक संकटतर्फ धकेलिदिएको नेपाली कांग्रेस पार्टी विगत दुई महिनायता अन्तर द्वन्द्वको भासमा जकडिएर आश्चर्यजनक शैलीमा अनिर्णयको बन्दी बनेको छ । नेपालका तीन ठूला राजनीतिक क्रान्ति र आन्दोलनको नेतृत्व गरेको, पाँचपटक जन-अनुमदित भएको (एकपटक दुई तिहाइ २०१५, दुईपटक बहुमत २०४८ र २०५६ अनि दुईपटक प्रथम दल २०७०, २०७९) र तीन पटक (२०५१, २०६४ र २०७४) दोस्रो ठूलो दल वा प्रमुख प्रतिपक्ष रहेको कीर्तिमानी रेकर्ड भएको पार्टी फागुन २१ का लागि घोषित निर्वाचनमा नयाँ नेतृत्व चयन गरेर कि पुरानै नेतृत्व लिएर जाने भन्ने बारेमा अनिर्णित छ ।

सतहमा हेर्दा यो कांग्रेसभित्रका अनेकन् विचारधारा, समूह, गुट वा सात भाइ, महामन्त्रीहरू, कार्यवाहक सभापति र सभापति बीचको द्वन्द्व देखिन्छ । तर यसको अन्तर्यमा हामीले अरू धेरै कुरा देख्न सक्छौं । आज म पात्र होइन प्रवृत्तिको कुरा गर्दैछु । त्यसका लागि कांग्रेसभित्रको द्वन्द्वलाई अलग-अलग समयमा कांग्रेस प्रवेश गरेका पुस्ताहरूको द्वन्द्वका रूपमा बढी जोड दिनेछु । यो द्वन्द्वमा जुनसुकै पार्टी भित्र वा बाहिर रहेको जेनजीले वा अन्य पुस्ताले पनि आत्मनिरीक्षणको लाभकारी अवसर पाउनेछ ।

शुरु गरौं, नेपाली कांग्रेसको इतिहासबाट । २००३ सालमा नेपाली कांग्रेस स्थापना भए तापनि नेपाली कांग्रेस पार्टीको मूल संगठनमा विस्तार भने तीन पटक मात्र भयो । पहिलो- २००८-२०१५, दोस्रो- २०३४-२०३९ र तेस्रो- २०५८-२०६२ । यसरी काल विभाजन गर्नाको खास कारण छन्- यी समयावधिमा कांग्रेस पार्टी सत्तामा थिएन । सत्तामा हुँदा सत्ताको कारणले कुनै दललाई आसक्ति देखाउनेहरू त्यो दल सत्तामा नहुने संकेत पाउनासाथ साथ छाड्ने भएकाले पार्टी सत्तामा रहँदा भएको अवधिलाई संगठन विस्तारको अवधिका रूपमा समावेश गरेको छैन । हुनत सरकारमा रहँदा गरेका कार्यले प्रतिरोध आन्दोलन गर्न नसकेका कार्यबाट पार्टीको संगठन विस्तार भएको समेत हुन्छ । रोचक कुरा कांग्रेस संगठन विस्तारको पहिलो र दोस्रो दुई कालखण्डको अग्रणी नेता बीपी कोइराला र कांग्रेसका संस्थापक नेताहरू हुनुहुन्थ्यो ।

तेस्रो कालखण्डको अपत्यारिलो तर अग्रणी नेताहरू गगन थापा, विश्व प्रकाश शर्मा, गुरुराज घिमिरे, प्रदिप पौडेल लगायत थिए । त्यो तेस्रो कालखण्ड अहिलेको चर्चित जेनजी पुस्ता जस्तै मिलेनियलले सार्वजनिक जीवनमा राजनीतिक रूपमा हिस्सा खोजेको समय २०५८-२०६२ को समय थियो । त्यतिबेला एकातर्फ माओवादीहरू सशस्त्र हिंसा मार्फत भूमिगत आन्दोलन गरिरहेका थिए भने अर्कातर्फ काङ्ग्रेस-एमाले लगायतका युवा पंक्ति सडकमा खुलेआम गणतन्त्रको गर्जन सहित हुँकार गरेको बेला थियो ।

बीपीले संगठन विस्तार गरेका दुई कालखण्ड २००८ सालमा बीपी कोइरालाले गृहमन्त्रीबाट राजीनामा गरेपछि राणा प्रधानमन्त्री मोहनशमशेरको नेतृत्वमा रहेको अन्तरिम सरकार स्वत: विघटित भयो । र, नयाँ प्रधानमन्त्रीका रूपमा मातृका कोइराला छानिनुभयो । बीपी कोइरालालाई राजीनामा गर्दाका बखतमा प्रधानमन्त्रीको कुर्सीमा आफू नै विराजमान हुन्छु भन्ने लागेको थियो । तर त्यो भएन । त्यसपछि भने बीपी कोइरालाले आफ्नो सम्पूर्ण ध्यान पार्टीको संगठन विस्तारमा लगाउनुभयो । विभिन्न माध्यमबाट- किसान आन्दोलनहरूलाई संगठित गर्ने, भारतले नेपाली राजनीतिमा गरेका चलखेलको विरोध गर्ने, आम निर्वाचनका लागि सरकारलाई दबाब दिने । त्यसका लागि उहाँले अदालतको ढोका ढकढक्याउने, सार्वजनिक सभा गर्ने, सत्याग्रह गर्ने र लोकतन्त्र पक्षधर पार्टीहरू बीच गठबन्धन गर्ने अनेकन् विधि र उपाय अवलम्बन गर्नुभयो । बीपी कोइरालाले नेपालको विस्तृत भूगोललाई आफ्ना पाइतालाले स्पर्श त्यो नै पहिलो पटक थियो । नेपाली कांग्रेसको संगठनको बुनियादी र विस्तृत जग त्यही समय बसेको थियो । बीपीको त्यो मिहिनेत र कसरतले २०१५ सालको प्रथम आम निर्वाचनमा परिणाम दियो ।

२०१७ साल पुस १ को राजाको कदम पश्चात् काङ्ग्रेसका शीर्ष नेताहरू जेलमा र अन्य नेताहरू भारत निर्वासनमा जानुपऱ्यो । तर युवा विद्यार्थी माझमा लोकतन्त्रप्रतिको आकर्षण र नेपाली धर्तीमा लोकतन्त्रको बीजारोपण गर्ने शक्ति नेपाली कांग्रेसप्रतिको आकर्षण रोकिएन । माबि तहपछिको उच्च शिक्षा अध्ययनका लागि शहरी इलाका र विशेषगरी राजधानी काठमाडौं आइपुगेका देशका कुना-कुनाका विद्यार्थीले विद्यार्थी हक-अधिकारका लागि आवाज उठाउन थाले । आजका चर्चित विद्यार्थी संगठनहरू नेपाल विद्यार्थी सैं, अनेरास्ववियुको स्थापना त्यही कालखण्डका उपज हुन् । २०२५ असोजमा बीपी कोइरालाको रिहाइपछि भारत निर्वासनमा जानुअघिको छोटो अवधिमा नेपाली राजनीति निकै चलायमान भयो । तर त्यो दिगो भने भएन । २०३४ सालमा राष्ट्रिय मेलमिलापको नीति लिएर बीपी नेपाल फर्किएपछि राष्ट्रिय राजनीतिक घटनाक्रमहरू तीव्र गतिमा अगाडि बढे । विद्यार्थी आन्दोलन समेतको जगमा जनमतसंग्रहको आह्वान भएपछि, नेपाली राजनीतिमा प्रतिबन्धित रहेका दलहरूले खुल्लमखुला सभा गर्न पाए ।

बीपी कोइराला त्यतिबेला पूर्वदेखि पश्चिमसम्मका अनेकन् शहरी इलाकामा बहुदल पक्षको लागि कार्यक्रम गर्दै हिंड्नुभयो । २००७ सालको क्रान्ति हाँकेको, नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री भएको र निर्वाचनमा गएको, पाठ्यपुस्तक, अखबारका पाना र जनश्रुति वा किंवदन्ती बनिसकेको पात्रलाई तत्कालीन समयका नवयुवकहरूले आफ्नै आँखा अगाडि देख्न, उनका भाषणहरू सुन्न पाए । नेपाली कांग्रेसको दोस्रो सांगठनिक जगको आधार यही २०३४ देखि २०३९ सालका बीचमा बसेको थियो । नेपाल गणतन्त्र भएको एक दशकसम्म क्लेजहरूमा हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन स्थगित हुँदा समेत विद्यार्थीहरू दलका भ्रातृ संस्थामा संगठित हुने क्रम भने रोकिएन । पछिल्लो तीन वर्षमा स्वतन्त्र विद्यार्थी युनियनका निर्वाचनहरू भएका छन् । र ती निर्वाचनमा कांग्रेस, एमाले, माओवादी लगायतका भ्रातृ संस्थामा आबद्ध रहेका विद्यार्थीले विजय प्राप्त गरेका छन् । तर ती भ्रातृ संस्थाहरूले मात्रै नयाँ पुस्ताका युवकहरूको भावनालाई प्रतिबिम्बन गर्न नसकेको भदौ २३ र २४ को प्रदर्शनी र उथलपुथलले जगजाहेर गरेको छ ।

### जेनजी पुस्ताको अकल्पनीय करामत

मिलेनियल पुस्ताका युवा नेताहरू जेनजी पुस्ताको अकल्पनीय करामतपछि हायलकायल हुनपुगे । तर त्यसका बावजुद मिलेनियल पुस्ताले हार खानुपर्ने कारण थिएन किनकि उनीहरू पार्टीका संरचनामा प्रवेश गरेर निर्णायक हुने क्रममा छन् । जेनजीहरूसँग आफ्ना राजनीतिक चाहनाहरूलाई सम्बोधन गर्न एजेन्सी अर्थात् बनिबनाउ औजार छैन । उनीहरूले आफ्नो आवाजलाई मुखरित गर्न मिलेनियल पुस्तासम्म सहकार्य नगरी सम्भव छैन । नयाँ दल खोले पनि वा पुराना दलका चुनिंदा नेताहरूसँग सहकार्य गर्दा पनि उनीहरू अन्तर पुस्ता समन्वय र बृहत्तर राजनीतिक वैधताको लागि मिलेनियलको शरण पर्नुपर्ने बाध्यता छ । मिलेनियल पुस्ताले नेपाल गणतन्त्रमा प्रवेश गर्ने समयदेखि त्यसयताको राष्ट्रिय जीवनको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक सबै तह र तप्कामा एक हदसम्मको विश्वसनीय कार्य गरेको छ, प्रतिष्ठा कमाएको छ ।

जेनजीले प्रयोग गरेको सूचनाप्रविधिलाई नजिकबाट आत्मसात् गर्ने र त्यसलाई सहजतापूर्वक अङ्गीकार गरेकाले मिलेनियम पुस्ताले जेनजीको समेत अभिभावकत्व दावा गर्न उनीहरूसँग सहकार्य गर्न सहज भएको छ । प्रत्येक नयाँ प्रविधि त्योभन्दा क्रमागत हिसाबले अघिल्लो पुस्तालाई स्वीकार गर्न त्यसमा अभ्यस्त हुन गाह्रो हुने समय लाग्ने भएकाले समेत मिलेनियल पुस्ता र जेनजी पुस्ता बीचको सहकार्य निर्णायक हुने देखिन्छ । कुनै खास वर्ग, लिङ्ग, सम्प्रदाय वा भूगोलले मात्रै सिङ्गो देशको प्रतिनिधित्व गर्न नसके जस्तै एउटा खास पुस्ताले मात्रै सिंगो देशको प्रतिनिधित्व गर्न सक्दैन । त्यही भएर अन्तरपुस्ता समन्वय अत्यन्त जरूरी छ ।

### गगनको ५५ वर्षे "स्व-उमेर-हद" को घोषणा

२०६८ सालतिर अर्थात् डेढ दशक अगाडि नै ५५ वर्षको उमेरमा राजनीतिबाट रिटायर गर्छु भन्ने गगन थापाको अभिव्यक्ति अहिले पनि धेरैलाई आश्चर्यको विषय लाग्छ । जेनेरेसन एक्स को अन्त्यतिर जन्मिएका गगन थापाले सूचनाप्रविधिले निर्देशित गरिरहेको पुस्तान्तरका कारणले उनले नेपाली राजनीतिको परम्परागत पदचाप भन्दा सूचनाप्रविधिको वैश्विक उपलब्धताले नेपाली राजनीतिमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै उक्त कुरा बोलेका अहिले आएर पुष्टि भएको छ । एकातर्फ उनी र उनको पुस्ता पार्टीभित्र आफ्नो दबदबा स्थापित भए पनि वर्चस्वको लागि सैर्षरत छ । पार्टीभित्र जेनजीबाट ज्यादा खतरा नभए पनि पार्टी बाहिरको राजनीतिक स्पेसमा जेनजीले धावा बोलेपछि उनीहरूको पुस्ता अत्तालिनु स्वाभाविक हो । गगनको पुस्ता पार्टीभित्र निर्णायक हुनुभन्दा अगाडि राष्ट्रिय राजनीतिमा कांग्रेसभन्दा अरू शक्ति निर्णायक हुने खतराले उनीहरूलाई पार्टीभित्र परिवर्तनको वेगलाई तीव्र बनाउने दबाब छ ।

### अन्तर पुस्ताको वैश्विक र नेपाली मिलान

हामीले यो सबै चर्चा गर्दा के कुरा बिर्सन हुँदैन भने नेपाली राजनीतिमा सजिलोको लागि भन्नुपर्दा अहिले देखिएको टकराव २०२०, २०३०, २०४० र २०५० को अलगअलग दशकमा राजनीतिमा प्रवेश गरेका पुस्ताहरू बीचको वर्चस्व स्थापनाको लडाईं हो । यो लडाईंमा २०६०, २०७० र २०८० को दशकमा राजनीति मार्फत आफ्नो भाग्य अजमाउन खोज्ने पुस्ताले पनि आफ्नो अस्तित्वको लडाई लडिरहेको छ । नेपाली संवत्मा पुस्ताको वर्गीकरण गर्दा अन्तर्राष्ट्रिय सन्दर्भसँग जोडेर हेर्न सजिलोको लागि वैश्विक पुस्ता वर्गीकरणको पनि म यहाँ उल्लेख गर्न चाहन्छु । साइलेन्ट जेनेरेसन सन् १९२८-१९४५ह बेबी बुमर्स सन् १९४६-१९६४ह जेनेरेसन एक्स १९६५-१९८०ह मिलेनियल्स अर्थात् जेनेरेसन वाई १९८१-१९९६ह जेनेरेसन जेड (जेनजी) १९९७- २०१२ह जेनेरेसन अल्फा २०१३-२०२५ । यसरी हेर्दा साइलेन्ट जेनेरेसन, बेबी बुमर्स र जेनेरेसन एक्सको अघिल्लो पुस्ता एकैपटक मिलेनियल्स र जेनेरेसन जेडसँग पुस्तागत वर्चस्वको लडाईंमा पौंठेजोरी खेलेको देखिन्छ । यो घानमा जेनजी कतै पनि थिएन । तर भदौ २३ र २४ पछि जेनजी सशक्त उपस्थिति देखाउने सम्भावना बोकेर आएको छ ।

पञ्चायतको ३० वर्षमा कांग्रेस र कम्युनिस्टको झन्डामुनि आबद्ध भएका युवकहरूले न त पार्टीभित्र आन्तरिक लोकतन्त्रको अभ्यास राम्रोसँग गर्न पाए न उनीहरू सत्तामा गएर त्यसको भोगचलन गर्न पाए । २०४६ सालको जनआन्दोलनको सफलताले तीन दशकमा अवरुद्ध भएको लोकतान्त्रिक सडक राजनीति, पार्टी राजनीति र सत्ता राजनीतिको ढोका एकैपटक खोलिदियो । २०३० र २०४० को दशकमा राजनीतिमा प्रवेश गरेको पुस्ता जसरी पञ्चायतकालमा आफूले गुरु स्थापना गरेको २०२० को दशक वा त्योभन्दा पहिलेको दशक २००७ को क्रान्तिपूर्वका नेतालाई उनीहरूका आदेशलाई शिरोपर गर्दै अगाडि बढ्यो- चाहे त्यो पार्टी राजनीति होस् चाहे त्यो सत्ता राजनीति होस् । तीस र चालीको दशकको त्यो आज्ञाकारी पुस्ताले पचासको दशकमा राजनीति मार्फत आफ्नो स्पेस खोजेको पुस्ताको आत्मविश्वासलाई अवज्ञा गर्नका खातिर हमेशा आफ्नो अघिल्लो पुस्ता बीसको दशकको नेतृत्वको सहयोगमा पचासको दशकको नेतृत्वलाई दबाउने कोसिस गऱ्यो ।

### "क्वारेन्टाइन" पूरा नभएका "अंगीकृत" जेनेरेसन एक्स र मिलेनियलहरू

राजनीतिशास्त्री रबर्ट मिसेल्सको भाषामा नयाँ पुस्तालाई क्वारेन्टाइन पूरा नभएको भनेर भन्यो । प्रदिप गिरीको भाषामा भन्नुपर्दा उहाँले गगन थापा, गुरुराज घिमिरे, प्रदीप पौडेल, विश्वप्रकाश शर्माहरूलाई अङ्गीकृत कांग्रेस भनेर वर्गीकरण गर्नुहुन्थ्यो । प्रदिप गिरीले आफूलाई वंशज कांग्रेस भनेर दावा गर्नुहुन्थ्यो । त्यसरी वंशज कांग्रेसको अधिकार पार्टीका संस्थापक नेताका सन्तानहरूका हकमा ज्यादा लागू हुन्थ्यो । यसरी पार्टी संस्थापकका वा जिल्ला तहमा हजुरबुवा र बुवापछि नाति पुस्तामा कांग्रेसका रूपमा सक्रिय भएका प्रभावशाली राजनीतिक परिवारहरू कांग्रेसका रूपमा दर्ज भएका छन् । त्यो मिलेनियल वा जेनजी कांग्रेसले ती वंशज र कुलीन कांग्रेसलाई एकैपटक चुनौती दिएको छ, ललकारेको छ र भनेको छ- कांग्रेस भनेको विचार हो, यो गणतन्त्रको युगमा पार्टीको नेतृत्व वंश वा कुलीनताले भन्दा योग्यता अर्थात् मेरिटले निर्धारण गर्दछ ।

जेनजी पुस्ताले यसरी समाजशास्त्रीय हिसाबले पार्टीहरूभित्र चलेको अन्तरद्वन्द्वलाई हेर्ने फुर्सद, धैर्य र समय थिएन । त्यो ज्ञान उनीहरूले हेर्ने ग्याजेटमा उपलब्ध थिएन, उनीहरूलाई विद्यालय या विश्वविद्यालयमा पठाइने पाठ्यपुस्तकमा थिएन । उनीहरूले प्रयोग गर्ने सामाजिक सञ्जाल फेसबुक, रिल, इन्स्टाग्राम, टिकटक वा स्पेस, क्लब, उनीहरूको पब्लिक स्पेस- डिस्कर्डमा त्यो ज्ञान उपलब्ध थिएन र अद्यावधिक भएको छैन पनि ।

### जेनजी पुस्ताले घोत्लिनुपर्ने तथ्य

अब त्यत्रो ठूलो विस्मयकारी उथलपुथल पछि उनीहरूकै सिफारिसमा बनेको अन्तरिम सरकारका समयमा उनीहरूका प्रतिनिधिले सिंहदर बारसम्म छिर्न पाउन छाडेपछि अब उनीहरू धेरै कुरामा घोत्लिनुपर्नेछ । के उनीहरूले आज देखेको सपना नेपाली राजनीति बदल्ने महत्वाकांक्षा के उनीहरूभन्दा अघिल्लो पुस्ताले गरेकै थिएन ? अथवा उनीहरूभन्दा अघिल्लो पुस्ताले त्यत्रो अघोर प्रयत्न गर्दा पनि के कारणले असफलता प्राप्त गरिरहेको थियो त्यसको जरासम्म खोजी गर्नुपर्ने छ । जेनजी पुस्ताको सामर्थ्य जति छन् राजनीतिका हिसाबले सीमितता वा कमजोरी पनि त्यति नै छन् । त्यो सीमितता वा कमजोरी उनीहरूको पुस्ताको मात्र एकाङ्गी कमजोरी होइन । अघिल्लो पुस्ता समेतले बेहोरेको र भुक्तमान गरिरहेको कमजोरी हो । एउटा समाजलाई एउटा पुस्ताले मात्र प्रतिनिधित्व गर्न सक्दैन अन्तर पुस्ता समन्वय विना सिंगो समाजको प्रतिनिधित्व हुन सक्दैन ।

### कांग्रेसले निर्णय लिनु अगाडि विचार गर्नुपर्ने कुरा

अब फेरि लागौं नेपाली कांग्रेसतिरै, माथि गरिएको चर्चाहरूबाट स्पष्ट देखिएको छ आज काङ्ग्रेसभित्र द्वन्द्वरत देखिएका पात्रहरू व्यक्तिगत लडाईं भन्दा पनि पुस्तागत र तत्-तत् पुस्ताको प्रतिनिधिगत लडाईं लडिरहेका छन् । कांग्रेसभित्रको राजनीति ्वीकृत भइराख्दा यसलाई कसैले पनि व्यक्तिगत रूपमा लिनुपर्ने देखिदैन । यी त खासमा इतिहासमा देखा परिरहने प्रवृत्ति हुन् । हाम्रो रुचि र चासो भने कुन पुस्ता इतिहासलाई आफ्नो समयको आँखाबाट ठिक बुझ्न सक्छ र त्यो अनुसार आगामी पाइला चाल्छ त्यसले नेता बन्ने अवसर पायो र त्यसको नीति लागू भयो भने नेपाली कांग्रेस इतिहासको क्रान्तिकारी र गतिशील औजारका रूपमा कामयाब रहनेछ भनेर कामना गर्ने मात्र हो । यथास्थितिवादी र अग्रगमनकारी शक्तिका बीच प्रतिस्पर्धा हुँदा सधैं अग्रगमनकारी शक्तिले जित हात पार्छ भन्ने हुँदैन । तर पार्टीभित्रको लडाईंमा अग्रगमनकारी शक्ति परास्त हुँदा पार्टी स्वयं राष्ट्रिय राजनीतिमा भने अरू शक्तिसँगको प्रतिस्पर्धामा परास्त हुने खतरा भने विद्यमान हुन्छ ।

### जेनजीले सहकार्य गर्न सहज मानेको जेनेरेसन एक्स र मिलेनियल

कांग्रेसले आज निर्णय गर्दैगर्दा, बेबी बुमर्स र जेनेरेसन एक्सको अघिल्लो पुस्तालाई जेनेरेसन एक्सको अन्त्यतिर जन्मिएका र मिलेनियलहरूले परास्त गर्ने भनेको जेनजीको भावना आत्मसात् गरेर मात्र सम्भव देखिन्छ । जेनजीले स्वाभाविक रूपमा जेनेरेसन एक्स र मिलेनियलसित आफूलाई एकाकार भएको ठान्छ । जेनजीले यही पुस्तालाई मात्र शंकाको सुविधा दिन सक्छ । किनकि उनीहरूको इमानदारिता र सच्चाइ सत्ता-विलासमा बिटुलिएको र प्रदूषित भएको छैन । त्यसका लागि उनीहरूले अघिल्लो पुस्ताको नेतृत्वमा भएको र आफू पनि सुधार भएको गल्तीका प्रति प्रायश्चित गरिसकेका छन् ।

कांग्रेसको संगठन विस्तार भएका तीन कालखण्डको चर्चा गरिएको तेस्रो कालखण्ड अर्थात् २०५८-२०६२ मा नेविसंघ मार्फत नेपाली कांग्रेसको राजनीतिमा प्रवेश गरेको पुस्ता वडा, पालिका, क्षेत्र र जिल्ला तहमा संख्यागत हिसाबले नै सबैभन्दा ज्यादा छन् । विशेष महाधिवेशनका लागि ५५ प्रतिशत हस्ताक्षर कुनै ठूलो मिहिनेत विना त्यही पुस्ताले परिवर्तनको दबाब दिनका लागि सहज र सम्भव बनाएको हो । यो पुस्ता कांग्रेसमा बलशाली हुनाको कारण उनीहरू जुनस्तरको प्रभावकारी राजनीतिक सञ्चारक प्रभावशाली राजनीतिक सञ्चारकर्मी छन्, उनीहरूभन्दा अघिल्लो पुस्तामा त्यस्तो सञ्चारक वा वक्ता छैन । भए पनि पार्टी केन्द्रमा उनीहरूको उपस्थिति वा प्रभाव न्यून छ ।

२०६२ यता नेपाली कांग्रेसको राजनीतिक सञ्चारको कार्य त्यही युवा पुस्ता अर्थात् पञ्चायतको अन्त्यतिर राजनीतिमा प्रवेश गरेको र गणतन्त्रको आन्दोलनमा पार्टी राजनीतिमा स्थापित भएको पुस्ताले भरथेग गरेर अडिएको र बनेको हो । वृद्ध गिरिजाप्रसाद वा सुशील कोइराला वा शेरबहादुर देउवाबाट त्यो कुरा सम्भव थिएन ।

### वर्तमानले विगततिर सम्मोहित हुने कि भविष्यप्रति दृष्टि राख्ने

दोहोऱ्याइरहनु परेन, कुनै पनि पार्टीलाई अथवा कुनै समयलाई नेतृत्व दिने भनेको कुनै खास पुस्ताले नभएर आफ्ना विचार र नीति मार्फत अरू पुस्तासँग समन्वय गरेर अगाडि बढ्ने पुस्ताले मात्र गर्न सक्दछ । नेपाली कांग्रेसको हकमा आजको मितिमा त्यो पुस्ता भनेको नि:सन्देह गगन थापाहरूको हो । नेपाली कांग्रेसमा नेतृत्व हस्तान्तरणको पेचिलो लडाईंमा कुन पुस्ता विजयी हुन्छ त्यसले नै नेपाली कांग्रेसको भविष्य निर्धारण गर्नेछ । वर्तमान भनेको इतिहास र भविष्य बीचको सेतु हो । वर्तमान इतिहासप्रति ज्यादा सम्मोहित वा केन्द्रित भयो भने भविष्य वर्तमानको नियन्त्रण बाहिर जानेछ । वर्तमानले निर्णय गर्दा भविष्यप्रति ज्यादा दृष्टि राख्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# सरकार दलकै हितमा प्रतिबद्ध देखिन्छ

✍शंकरनाथ काफ्ले

जेन्जी आन्दोलनपछि नेपालमा एक प्रकारको ठूलै राजनीतिक भूकम्प गएको देखियो । तत्कालीन अवस्थामा राज्यमा ठूलै उथलपुथल हुने सम्भावना पनि थियो । संविधान र व्यवस्था नै अब के होला भन्ने बारेमा सोच्नुपर्ने अवस्था आएको थियो ।

दलका नेताहरुको भागाभाग भयो । तत्कालीन प्रधानमन्त्रीले राजीनामा दिएर सुरक्षित स्थानतर्फ जानुपर्ने अवस्थासम्म आयो, जननिर्वाचित संसद् विघटन भयो अर्थात् समग्रमा कोलाहल र कौतुहलको अवस्था सृजना भएको थियो । यसै बीचमा गैरदलीय व्यक्तिलाई जेन्जीको समर्थनमा प्रधानमन्त्री बनाउनुपर्ने अवस्था आयो । यो अवस्थामा बहुदलीय व्यवस्थालाई नै समाप्त पार्न सकिने माहोल सृजना भएको थियो । तर ती सवै सम्भावनालाई नकार्दै वर्तमान प्रधानमन्त्री सुशीला कार्कीले नेपालको संविधानलाई जीवित राख्नुपर्दछ, बहुदलीय व्यवस्थालाई मर्न दिनुहुँदैन, जनताले चाहेका र रोजेका व्यवस्थाहरु निर्वाचित जनप्रतिनिधिहरुमार्फत नै हुनुपर्दछ भन्ने उदार भाव राखेर अघि बढेको स्पष्ट देखिन्छ । आज आएर हेर्दा आन्दालनको उपलव्धि भनेको फगत सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने र ०८४ मा हुने निर्वाचनलाई ०८२ मा झार्ने कार्य मात्र गरेको देखिन्छ ।

आन्दोलनले के-के न परिवर्तन हुन्छ भनेर सोचेकाहरुलाई सुशीला कार्की नेतृत्वको सरकारले मुलुकलाई भाद्र २२ गतेकै अवस्थामा पुऱ्याउने एकमात्र लक्ष्य राखेको देखिन्छ अर्थात् सरकार वास्तवमा दलकै हितमा कार्य गर्दै अघि बढिरहेको छ । यो अवस्थामा यो र त्यो बहाना गरेर जिम्मेवार राजनीतिक दलहरुले यो सरकारको आलोचना गर्नु भनेको आउँदै गरेको निर्वाचनमा जनताले आफूलाई कतै तिरस्कार त गर्ने होइनन् भन्ने आशंका मात्र हो भन्ने कुरामा विश्लेषण गर्न सकिन्छ । जेन्जीले भदौ २३ गतेको दिनमा आन्दोलन गरिरहँदा उसले मुलुकमा सुशासन स्थापित होस् भन्ने मूल एजेन्डा बोकेको थियो । मुलुकमा देखिएका असफल उन्मुख सम्पूर्ण घटनाहरु जिम्मेवार हुनुपर्ने नेताहरुको गैर जिम्मेवारीपूर्ण व्यवहारको कारण सृजना भइरहेको छ भन्ने जेन्जीको ठहर थियो । जेन्जीले सरकार र जिम्मेवार नेताहरुलाई सच्चिनुहोस् भन्नको लागि खबरदारी गरिरहेका थिए, नकि सक्किनुस् भन्ने उनीहरुको चाहना थियो ।

क्रमश: पृष्ठ-३....




# अपराजित सुदूरपश्चिम
# प्लेअफको नजिक, जित्न बिर्सँदै जनकपुर

काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो संस्करणमा सुदूरपश्चिम रोएल्सलाई पराजित गर्दै जनकपुर बोल्ट्स च्याम्पियन बनेको थियो । फाइनल अघि सुदूरपश्चिमले जनकपुरलाई दुई पटक पराजित गरेपनि निर्णायक खेलमा जनकपुरले बाजी मार्दै ट्रफी उचालेको थियो । पहिलो संस्करणमा निर्णायक खेलमा मात्र चुकेको सुदूर पश्चिमले दोस्रो संस्करणमा जसरी पनि च्याम्पियन बन्ने लक्ष्य बनाएको थियो । त्यही अनुसार सुदूर पश्चिमले लगातार चार खेल जितेर अपराजित यात्रा कायमै मात्र राखेको छैन, प्लेअफको लागि निकै नजिक समेत पुगिसकेको छ ।



सुदूरपश्चिम ४ खेलबाट ८ अंक जोडेर हाल शीर्ष स्थानमा आसिन छ । लिग चरणमा बाँकी तीनमध्ये एक खेल मात्र जित्दा पनि सुदूरपश्चिम प्लेअफ पुग्नेछ । यदि अन्य टिमहरुको नतिजा आफू अनुकल आउने हो भने सुदूरपश्चिम अहिलेकै स्थितिमा पनि प्लेअफ पुग्न सक्छ ।

बिहीबार लुम्बिनी लायन्सलाई पराजित गर्दै सुदूर पश्चिमले प्लेअफमा एक खुड्किलो राखिसकेको छ । यस सिजन सुदूर पश्चिमले पहिलो खेलमा पोखरा एभेन्जर्सलाई पराजित गर्दै यात्रा सुरु गरेको थियो । त्यसपछि काठमान्डु गोर्खाज र कर्णाली याक्सलाई पराजित गरेको थियो । अब सुदूर पश्चिमले जनकपुर बोल्ट्स, चितवन राइनोज र विराटनगर किंग्ससँग खेल्न बाँकी छ ।

सुदूरपश्चिमको भन्दा बिल्कुल फरक छ साविक विजेता जनकपुरको दोस्रो संस्करणको यात्रा । पहिलो संस्करणको च्याम्पियन जनकपुरले दोस्रो संस्करणमा एउटै लक्ष्य राखेको थियो उपाधि जोगाउने । च्याम्पियन भएकोले जनकपुरलाई उपाधि रक्षा गर्ने चुनौती पनि थियो । तर दोस्रो संस्कणरमा जनकपुरले लगातार तीन हार बेहोरिसकेको छ ।

पहिलो खेलमै काठमान्डु गोर्खाजसँग पराजित हुँदै उपाधि रक्षा अभियान थालेको जनकपुरले लगातार तेस्रो खेलमा हार बेहोर पछि प्लेअफको सम्भावना समेत कमजोर बनिसकेको छ । प्रदर्शन हेर्दा जनकपुरले जित्नुन बिर्सँदै गएको होकि भनेर देख्न सकिन्छ ।

दोस्रो खेलमा इस्टर्न डर्बीमा विराटनगर किङ्ससँग पराजित भएको जनकपुर बिहीबार पोखरा एभेन्जर्ससँग पराजित भयो । प्लेअफमा पुग्ने सम्भावना कायम राख्न जनकपुरले अब बाँकी रहेको चारवटै खेल जित्नुपर्ने बाध्यता छ । अब एक हारले पनि जनकपुर लिग चरणबाटै बाहिरिन सक्छ ।

### सुदूरपश्चिमको रवाफ, लुम्बिनी अलमलमै

बिहीबारको पहिलो खेलमा सुदूरपश्चिमले लगातार चौथो जित निकाल्दा लुम्बिनी लायन्सले भने लगातार तेस्रो हार बेहोऱ्यो । पहिलो खेलमा चितवन राइनोजलाई हराएको लुम्बिनी कर्णाली याक्स, काठमान्डु गोर्खाज र आज सुदूर पश्चिमसँग पराजित भएको हो ।

सुदूरपश्चिमले रवाफ कायमै राख्दा लुम्बिनी अझै अलमलमै देखिएको छ । आजको खेलमा लुम्बिनी लायन्सले ब्याटिङ अर्डरमा पनि फेरबदल गरेको थियो तर फलदायी हुन सकेन । यसअघि ओपनिङमा ल्याइएका सन्दीप जोरा आज मिडल अर्डरभन्दा पनि तल पठाइए । उनको ब्याटबाट रन बन्न सकेन ।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको लुम्बिनीले १० ओभरसम्म ७०-२ अनि १४ ओभरमा ११४-२ मा भएको अवस्थाबाट १४३ रनमा अलआउट हुने गरी खेल पल्टियो । सुदूरका लागि हर्मीत सिंह र अविनाश बोहराल ३-३ विकेट लिए भने हेमन्त धामीले २ तथा स्कट कुग्लेइनले १ विकेट लिए । मध्यम योगफल खडा गरेको लुम्बिनीले जोगाउन सकेन ।

सुदूरपश्चिमले पावर प्लेभित्रै दुई अस्ट्रेलियन ब्याटर- जोश ब्राउन र क्रिस लिनलाई गुमाएको भएपनि त्यसपछि तेस्रो विकेटका लागि विनोद भण्डारी र आरिफ शेख मिलेर ९९ रनको साझेदारी गरे । आरिफ ३९ रनमा आउट हुँदा विनोदले अर्धशतक पूरा गरि सकेका थिए भने अन्त्यसम्मै नटआउट रहेर ६९ रन बनाए । सुदूरले आरामले खेल आफ्नो पक्षमा पाऱ्यो । विनोद 'प्लेयर अफ द म्याच' घोषित भए ।

खेलपछि कुरा गर्दै विनोदले विदेशी खेलाडी टप अर्डरमा हुँदा मनोबल उच्च भएको र त्यसैअनुसार राम्रो हुँदै गएको बताए । 'टिममा सबैले कुनै दबाब नलिइकिन खेल्नुभएको छ, त्यही भएर जितिरहेका पनि छौं' यस हारपछि लुम्बिनीलाई पनि अब बाँकी ३ खेलमा शतप्रतिशत जित आवश्यक हुनेछ । खेलपछि कुरा गर्दै कप्तान रोहित पौडेलले सुरुवात राम्रो भएपनि फिनिसिङ गर्न नसकेको स्वीकार गरे ।

'हाम्रोमा विदेशी र नेपाली दुवै खेलाडीहरू स्टेप अप गर्न सक्नुभएको छैन, त्यही कुरामा हामी मिसआउट गरिरहेका छौं । विदेशी खेलाडी पनि चल्नु महत्वपूर्ण हुन्छ जुनसुकै टिमको लागि' उनले भने । रोहितले धेरै कुराहरूमा सुधार आवश्यक रहेको बताउँदै अझै पनि ३ खेल बाँकी रहेको र कमब्याक गर्न सक्ने विश्वास राखेको उल्लेख गरे ।

### पोखराको पहिलो जितमा सुमित र बिपिन नायक

पोखरा एभेन्जर्स र जनकपुर बोल्ट्स दुवै यस खेल खेल्नुअघिसम्म जितविहीन थिए । आजको खेल 'ब्याटल अफ द बटम'का रूपमा समेत थियो । यस खेलमा जित हात पार्दै पोखराले हारको शृंखला तोड्यो भने जनकपुर अझै जितविहीन नै रह्यो । पोखराको जितमा आज नायक बने युगाण्डाका अलराउण्डर सुमित वर्मा र पोखराकै रैथाने खेलाडी बिपिन खत्री । बिपिनले ब्याट र बल दुवैमार्फत योगदान दिए । बिपिनले पनि बलिङमार्फत पोखरातर्फ खेल ढल्काएका थिए ।

टस जितेर पहिले ब्याटिङ रोजेको पोखराका ओपनर दिनेश खरेल र एडम रोसिङटनले राम्रो सुरुवात दिलाउँदा पावरप्लेमा बिना कुनै विकेटको क्षतिमा ४५ रन बनाएको थियो । त्यसपछि पोखराले नवौं ओभरदेखि ११औं ओभरको बीचमा ४ विकेट गुमाएपछि दबाबमा आएको थियो । अनि क्रिजमा थिए सुमित वर्मा र तृतराज दास । यी दुईले पाँचौं विकेटका लागि अर्धशतकीय साझेदारी गरे । सुमित अन्त्यसम्मै नटआउट रहेर खेल्दै २९ बलमा २ चौका र ४ छक्कासहित ५० रन बनाए ।

### अर्धशतक प्रहार गरेका सुमित

उनको अर्धशतकमा पोखराले २० ओभरमा १५५ रन बनायो । पछिल्लो समय डिफेन्ड हुने गरेको योगफल बनाएपछि पोखराको मनोबल पनि उच्च र ह्यो । त्यसपछि १५५ रन डिफेन्ड गर्न मैदानमा उत्रिएको पोखराका लागि सुरुवाती ओभरमै बिपिन खत्री आए । उनलाई पहिलो बलमै जनकपुरका ओपनर माज सदाकतले छक्का हिर्काए ।

तर बिपिन दबाबमा आएनन् । त्यही ओभरको चौथो बलमा उनले आसिफ शेखलाई आउट गरे भने त्यसपछि ब्याटिङमा आएका शुभ कंसाकारले पहिलो बलमै चौका प्रहार गरेपनि त्यस लगत्तैको बलमा उनलाई पनि बोल्ड गरिदिए । यसरी पहिलो ओभरमै बिपिनले २ विकेट लिएपछि जनकपुर दबाबमा आइसकेको थियो । त्यसपछि बलिङमा आएका सुमित वर्माले २ रन मात्र दिए ।

इनिङको चौथो ओभर लिएर फेरि सुमित आए जसले निकोल लफ्टी इटनलाई आउट गरे । त्यही ओभरको अन्तिम बलमा माज सदाकतलाई पनि आउट गरेपछि जनकपुरले ५ ओभर भित्र ४ विकेट गुमायो । पावरप्ले लगत्तैको ओभर बलिङ गर्न आएका बिपिनले विपक्षी कप्तान अनिल साहलाई पनि आउट गरे । नवौं ओभरको पहिलो बलमा मयन यादवलाई पनि बिपिनले आउट गरे । यसरी बिपिनले आफ्नो स्पेलमा ४ विकेट अनि सुमित वर्माले २ विकेट लिएपछि जनकपुरले १० ओभरभित्रै ६ विकेट गुमायो ।

त्यहाँबाट जनकपुर खेलमा फर्कन सकेन । आजै पहिलो खेल खेलेका दक्षिण अफ्रिकी बलर वायन पार्नेलले ३८ बलमा अर्धशतक बनाएर जनकपुरको लाज भने बचाए । यद्यपी जितका लागि भने उनको यो एकल प्रयास पर्याप्त हुन सकेन । बिपिनले खेलपछि कुरा गर्दै पावरप्लेमा विकेट निकाले विपक्षी प्रेसरमा आउने सोचेर बलिङ गरेको र त्यो योजनाले काम गरेको बताए । 'हामीलाई थाहा थियो विकेटले बलरलाई सहयोग गरेको छ भनेर, त्यही अनुसार योजना बनाउँदा सफल पनि भयौं' उनले भने, 'सबै विकेट क्रुसियल नै हुन् भन्ने हिसाबले सोचेका थियौं ।'

पोखराले अन्ततः जित निकाल्दै अंकको पनि खाता खोल्यो । बिपिनले यो जितको खोजीमा रहेको र जित निकाल्दा खुसी लागेको बताए । 'सुरुको २ हारले नराम्रो लागेको थियो, आज केही दिनको ग्यापपछि खेलेर जितेका छौं, यसरी नै आगामी दिनमा पनि जित निकाल्छौं' बिपिनले थपे । खेलपछि कुरा गर्दै जनकपुरका कप्तान अनिल साहले सोचेजस्तो ब्याटिङ प्रदर्शन हुन नसक्दा लगातार हार बेहोरिरहेको बताए । 'सुरुवातदेखि नै ब्याटिङ राम्रो भइरहेको छैन, धेरै परिवर्तनहरू पनि गरेका छौं, सफल भइरहेको छैन' अनिलले भने, 'आगामी खेलहरूमा कमजोर पक्षहरू सुधार गर्नेछौं ।'

अंकतालिकामा हाल सुदूरपश्चिम ४ खेलमा ४ जित सहित ८ अंक जोडेर शीर्षस्थानमा छ भने विराटनगर किङ्स ४ खेलमा ६ अंकसहित दोस्रो र चितवन राइनोज ३ खेलमा ४ अंकसहित तेस्रो स्थानमा छ । समान २ अंक भएका काठमान्डु गोर्खाज, कर्णाली याक्स, पोखरा एभेन्जर्स र लुम्बिनी लायन्स चौथो, पाँचौं, छैटौं र सातौं स्थानमा छन् । ३ खेलमा अंकविहीन जनकपुर पुछारमा छ ।

*(स्रोत:अनलाइनखबर)*

## 'हर्ष'को प्रिमियर:
# शिव रेग्मीको शैली झल्किने फिल्म भन्दै प्रशंसा



काठमाडौं/स्व. निर्देशक शिव रेग्मीकी भान्जी एकता पौडेलको डेब्यु निर्देशकीय फिल्म 'हर्ष' आज शुक्रबारबाट प्रदर्शनमा आउने तयारीमा छ । वंश (उत्तराधिकारी)को विषयलाई मुख्य कथावस्तु बनाइएको यो फिल्मको बुधबार साँझ ललितपुरको लबिम हलमा प्रिमियर आयोजना गरिएको थियो, जहाँ उपस्थित सबैले कथावस्तुदेखि कलाकारहरूको अभिनयसम्मको प्रशंसा गरे ।

लामो समयपछि प्रिमियरमा उपस्थित भएकी अभिनेत्री निरुता सिंहले एकताले पहिलो फिल्मबाट नै निर्देशनमा राम्रो सम्भावना देखाएको बताइन् । फिल्मको सुरुमा नै शिव रेग्मीको तस्वीर देख्दा आफू भावुक भएको बताउँदै उनले भनिन्, 'फिल्म सन्देशमुलक बनेको छ । यसमा उठाइएको विषय एकदमै सान्दर्भिक छ । त्यसैले एकपटक यो फिल्म सबैले गर्नुपर्छ ।'

निर्देशक रेग्मी पत्नी ज्ञानु रेग्मीले पनि 'हर्ष' राम्रो बनेको भन्दै भान्जी एकतालाई सफलताको शुभकामना दिइन् । उनले भनिन्, '१२ वर्षपछि खोला पनि फर्किन्छ भनेजस्तै हाम्रो परिवारमा पनि आज त्यस्तै भएको छ । १२ वर्षपछि भान्जीले फिल्म निर्देशन गर्ने आँट गरेकी छन् । एकदमै खुशी लागेको छ । मलाई फिल्म धेरै नै मनपऱ्यो ।'

अभिनेता समेत रहेका व्यावसायी संजोग कोइरालाले 'हर्ष' एउटा फरक अनुभव दिने पारिवारिक फिल्म बनेको प्रतिक्रिया दिए । उनले भने, 'फिल्ममा सम्बन्धको कथा एकदमै गहिरोसँग भनिएको छ । शिव रेग्मीको 'इसेन्स' उहाँ (निर्देशक)ले पनि छाड्नु भएको छैन । भावनात्मक रुपमा एकदमै 'कनेक्ट' हुने फिल्म बनेको छ ।' उनले परिवारसहित फिल्म हेर्न दर्शकलाई आग्रह गरे ।

अभिनेता जयकिशन बस्नेतले कलाकारहरूको अभिनयको प्रशंसा गर्दै फिल्मको कथावस्तु मनछुने रहेको धारणा व्यक्त गरे । पारिवारिक फिल्म मन पराउने दर्शकले 'हर्ष' छुटाउनै नहुने उनले बताए । निर्माता द्वय सुनिल कुमार थापा, रोहित अधिकारी, नृत्य निर्देशक सुनिल क्षेत्री, वितरक करण श्रेष्ठ लगायतले पनि फिल्म एकदमै राम्रो बनेको प्रतिक्रिया दिए ।

प्रिमियरमा मिलेको प्रतिक्रियाले प्रफुलित देखिएकी निर्देशक पौडेलले बच्चादेखि फिल्म निर्देशन गर्ने सपना साकार हुँदा खुसी लागेको बताइन् । 'प्रिमियरमा फिल्म हेर्नु भएका सबैले मामाको झल्को दिन सफल भएकी छौ भन्नुभएको छ । त्यसले पनि आगामी दिनमा अझै राम्रा फिल्म निर्माण गर्नुपर्ने चुनौती थपिएको महसुस गरेकी छु,' उनले भनिन् ।

यस फिल्ममा खगेन्द्र लामिछाने, वर्षा राउत, नीर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, सुवर्ण थापा, सिर्जना नापित, रेनु प्रधान, बाल कलाकार साइमन वादी लगायतको अभिनय रहेको छ । फिल्ममा सबै कलाकारमाथि साइमन हावी देखिएका छन् । उनको अभिनयले फिल्ममा भावनात्मक प्रभाव थपेको छ ।

# कीर्तिमानी निर्देशक पौडेलले फिल्म 'सिन्दुरे जात्रा' बनाउने

काठमाडौं/सर्वकालीन ब्लकबस्टर फिल्म 'पूर्णबहादुरको सारङ्गी'का निर्देशक सरोज पौडेलले नयाँ फिल्मको घोषणा गरेका छन् । उनको निर्देशनमा बन्न लागेको फिल्मको नाम 'सिन्दुरे जात्रा' राखिएको छ । बिहीबार युट्युबमार्फत टाइटल टिजर सार्वजनिक गर्दै उक्त फिल्मको निर्माण घोषणा गरिएको हो । शीर्षकले पौराणिक कथावस्तुमा फिल्म आधारित रहने संकेत गर्छ ।

सिन्दुरे जात्रा नुवाकोटमा मनाइने चर्चित जात्रा हो । यसलाई देवी जात्रा पनि भन्ने गरिन्छ । हरेक चैत्रशुक्ल पूर्णिमाका दिन यो जात्रा मनाइन्छ । सोही जात्राको नाममा निर्माण हुन लागेको फिल्मले कस्तो कथा पस्किनेछ भन्नेबारे प्रष्ट पारिएको छैन । यद्यपि, फिल्मले जात्राको सांस्कृतिक र धार्मिक महत्वलाई कथामा समेट्ने अनुमान गर्न सकिन्छ ।

सारंगी फिल्म्सको प्रस्तुतिमा बन्ने फिल्मको निर्मातामा प्रभाकार श्रेष्ठ छन् । निर्देशक पौडेल स्वयंको कथा लेखन रहेको फिल्ममा कलाकारहरू तय भएका छैनन् । आरआर फिल्म्सले वितरण गर्ने फिल्मको डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ । फिल्मको छायांकन मिति र प्रदर्शन मितिबारे केही दिनमा जानकारी गराइने निर्माता श्रेष्ठले बताए ।

गत भदौमा निर्देशक पौडेलको नयाँ फिल्म 'कोशेढुङ्गा' प्रदर्शनमा आएको थियो । तर, दोस्रो सातामै जेनजी पुस्ताको आन्दोलनका कारण फिल्मको प्रदर्शन नै प्रभावित भयो । यद्यपि, यो फिल्मले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाएको थियो । पाँचौं फिल्मको रुपमा 'सिन्दुरे जात्रा' बनाउन लागेका पौडेललाई 'पूर्णबहादुरको सारङ्गी'ले कायम गरेको उच्च मानकको ठूलो दबाब छ ।

# सरकार दलकै हितमा...

आफ्ना हजुरबा पुस्ता र बाउ पुस्ताले भनेको सरकारले कहिल्यै सुनेन र सुन्न चाहेन, जसको कारण जेन्जी उमेरका युवाहरुलाई नेपालमा नै बसेर आफ्नो भविष्य खोज्ने कुनै आधार नै निर्माण हुन सकिरहेको थिएन । दिनहुँ हजारौंको संख्यामा युवाहरु विदेश जान बाध्य भएका घटनाहरुले सचेत युवाहरुको मन रोइरहेको थियो । कमसे कम हामी युवाहरुलाई आफ्नो मुलुकमा नै बसेर काम गर्ने वातावरण सृजना गरिदेऊ, जसको लागि भ्रष्टाचार नगर, स्वेच्छाचारी नबन भन्ने नेताहरूलाई युवाहरुको सन्देश थियो । जेन्जी युवाहरुको आवाज आम नेपालीको आवाज हो ।

जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिक ठानेर वास्तविक जनप्रतिनिधिको रुपमा आफ्नो जिम्मेवारीहरु पूरा गर, बाँकी हामी आफैं गर्छौं भन्ने युवाहरुको अनुरोध हो । युवाहरुको जायज मागलाई सम्बोधन गर्नुको साटो सरकारले दमनको बाटो अख्तियार गऱ्यो, जसको कारण परिस्थिति तनावपूर्ण बन्न पुग्यो । अनाहकमा सरकारको कारण भाद्र २१ मा १९ युवाहरुले मृत्युवरण गर्न पुगे । तत्कालीन सरकारमा रहेकाहरुलाई उक्त घटनाप्रति आजको दिनसम्म कुनै पछुतो रहेको देखिएको छैन । बरु उल्टै एकले अर्कोलाई दोष लगाएर आफूले आफूलाई निर्दोष करार गरि रहेका छन् ।

हामीले बिर्सन हुँदैन, २३ गतेको घटना नघटेको भए २४ गतेको घटना घट्ने नै थिएन । २३ गते निर्दोष युवाहरुको ज्यान लिइएको थियो । सरकार क्रुर शैलीमा प्रस्तुत भएको थियो । आफ्नो परिवारको कलेजोले आफ्नो मुलुकमा नागरिक भएर बाँच्न पाउनुपर्ने अधिकार माग्दै गर्दा गोलीको सिकार भई मारिनु परेको घटनालाई कुनै परिवार आक्रोशित नहुने अवस्था हुँदैन, आफ्नो समाजको एउटा युवा दमनको सिकारमा परेर मरिरहँदा कुनै समाजका व्यक्तिहरुमा क्रोध नजान्ने अवस्था हुँदैन, एउटा नेपाली विनाकारण राज्यको हातबाट मरिरहँदा कुनै सचेत नेपालीको शरीरको रगत नउम्लिने कुरै थिएन ।

राज्यको आततायी व्यवहार देखे-भोगेका ती सम्पूर्ण पक्षहरु भाद्र २४ गते सडकमा ओर्लिएका हुन् । सडकमा ओर्लिंदा उनीहरुले २३ गतेको घटना मात्र देखेका थिए । उनीहरुमा के गर्न हुन्छ र के गर्नुहुन्न भन्ने सोच्न सक्ने शक्तिसमेत गुमेको थियो । उनीहरुलाई सरकारी अड्डा अदालत सबै सरकारको हो भन्ने मात्र भ्रमको बादलले छोपेको थियो । रिस र प्रतिशोधको आवेग बढेको बेलामा मानिसले सही र गलत छुट्याउन सक्दैन । २४ गतेको अवस्था त्यस्तै थियो । त्यो अवस्थाको फाइदा उठाउन केही पक्ष सक्रिय नभएका पनि होइनन् ।

विरोधमा उत्रेकालाई त्यो हदसम्म पुग्नको लागि अभिप्रेरित गर्ने दोस्रो शक्तिहरुले अधिकतम तानाबाना नबुनेका पनि होइनन् । तर २४ गतेको घटना २३ गतेको उपज हो । २३ गतेको घटना त्योभन्दा अघिल्ला कैयौं वर्षदेखि गुम्सिएको विरोधको बीउ थियो । घुसपैठ गर्नेको शक्ति त्यति ठूलो हुन्छ भने त्यस्ता घुसपेठियाहरु आज पनि कुनै न कुनै बहानामा बाँकी बचेका संरचनाहरु ध्वस्त पार्न हदैसम्मको प्रयास गरिरहेका हुन्थे । भाद्र २४ गतेपछिको आजको शान्तिपूर्ण वातावरण घुसपेठियाहरुले रोजेको विषय हो र ? यो त आम नेपाली नागरिकको सुझबुझ र विवेकको परिणाम हो । यो वास्तविकतालाई नजरअन्दाज गरिनुहुँदैन ।

जेन्जी आन्दोलनको जगमा उभिएको यो सरकार कता-कता तिल्मिलाइरहेको देखिन्छ । सरकार कुन बाटोबाट अघि बढिरहेको छ, स्पष्ट देखिएको छैन । शान्ति सुरक्षाको प्रत्याभूत गर्नु सरकारको दायित्व हो तर उदाहरणको रुपमा दुर्गा प्रसाईंलाई उनले निकालेको वक्तव्यको आधारमै हिरासतमा लिने कार्य गरिरहेको छ । लोकतन्त्रमा बोलेकै भरमा कसैको व्यक्तिगत स्वतन्त्रतामाथि प्रहार गरिँदैन । शान्ति, अमनचयन कायम गर्नु त पर्दछ तर संविधानप्रदत्त हक हनन गरेर होइन ।

वर्तमान सरकारमा बस्ने मध्येकाहरुले नै हिजोका दिनमा कसैलाई रातिको समयमा गिरफ्तार गर्दै गर्दा उक्त कार्यको विरोध गर्ने गरेका थिए तर आफैंले मध्यरातमा कसैलाई गिरफ्तार गर्दै गर्दा त्यसको औचित्य पुष्टि गर्नुपर्ने वा नपर्ने बताउन सकिरहेका छैनन् । दुर्गा प्रसाईलाई अदालतको आदेशले हिरासतमुक्त गरिसकेको अवस्था छ । भोलिका दिनमा अन्य कुनै अभियान अघि बढाउँदा पनि कतै अदालतले रोक्छ कि भनी सोचेर, विवेक पुऱ्याएर मात्र आवश्यक निर्णय लिनुपर्ने हुन्छ । यो सरकार जेन्जीको जगमा नागरिकको प्रतिनिधित्व गर्दै उभिएको सरकार भएकोले यसलाई गल्ती गर्ने छुट छैन ।

निर्वाचनमा प्रत्येक दलले राजनीतिक सक्रियता देखाउने गर्दछन् । राजनीतिक सक्रियता नदेखाई जनताको विश्वास जित्न सकिँदैन । कुनै दलका कुनै नेता-कार्यकर्ता कुनै ठाउँमा कुनै राजनीतिक गतिविधिको लागि जान खोज्दा त्यहाँ जाने वातावरण बन्दैन भने सरकारले निर्वाचन कसरी गराउन सक्ला भन्ने प्रश्न उठ्नु वा उठाउनु स्वाभाविक नै हो । एउटा दलको एउटा नेता एक ठाउँमा जाँदा कर्फ्यू नै लगाउनुपर्ने वातावरण बन्छ भने भोलि सबै दलका सबै नेताहरु देशव्यापीरुपमा राजनीतिक क्रियाकलापमा भाग लिन थाले भने त्यो बेलामा सरकारले के गर्ला भन्ने गम्भीर प्रश्न खडा भएको छ । यसको उत्तर सरकारले दिनुपर्ने हुन्छ ।

अर्कोतर्फ प्रधानमन्त्रीले राजनीतिक दलका प्रमुख नेताहरुसँग कुनै पनि संवाद गर्नुभएको देखिँदैन । अभिभावकको रुपमा रहेकी प्रधानमन्त्रीले राजनीतिक दलका नेताहरुमाथि निषेधको राजनीतिक गर्नुहुन्छ भने त्यसले मुलुकमा कसरी निर्वाचनको वातावरण सृजना गर्न सक्छ ? यो प्रश्न पनि उठाइएको छ । हो, यो सरकार जेन्जी भावनाअनुसार गठन भएको हो तर जेन्जीको इच्छा, चाहना जे भए पनि सरकारले सबैलाई समानरुपमा व्यवहार गर्न सक्नुपर्दछ । काखापाखा गर्ने वा निषेध गर्ने कार्य गरियो भने त्यसले निरंकुशताको जग खन्नेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# विशालकी पूर्वपत्नीमाथि साम्राज्ञीको आरोप- 'उनले मलाई धेरैपटक ब्ल्याकमेल गरिन्'

काठमाडौं/अभिनेत्री साम्राज्ञी आरएल शाहले विशाल खरेलसँग इन्गेजमेन्ट गरेपछि यतिबेला उनको व्यापक आलोचना भइरहेको छ । विशाल पहिल्यै विवाहित र एक बच्चाको बाबु समेत रहेको थाहा हुँदाहुँदै सम्बन्ध अघि बढाएको, अरुको परिवार तोड्ने काम गरेको जस्ता आरोप उनीमाथि लागेका छन् । यसबारे उनले बुधबार इन्स्टाग्राममा एक पोस्टमार्फत स्पष्टीकरण दिइसकेकी छन् ।

उनले विशालसँग विवाह गर्ने निर्णयको बचाउ गर्दै इन्गेजमेन्ट गरेकोमा पछुतो नभएको बताएकी छिन् । कसैको परिवार तोड्ने काम आफूबाट नहुने बताउँदै उनले विशाल पहिले नै धेरै अगाडि बढिसकेकाले आफूहरूले इन्गेजमेन्ट गरेको स्पष्ट पारेकी छन् । उनले कानुनी रूपमा आफूहरू मंगेतरको रूपमा दर्ता भइसकेकाले प्रेमको रक्षा गर्ने वाचा गरेकी छन् । साम्राज्ञीले बिहीबार पनि एक पोस्ट लेख्दै विशालको पहिला विवाह नै नभएको दाबी गरेकी छन् । उनले लेखेकी छन्, 'उसले मलाई स्पष्ट रुपमा भनिसकेको थियो कि उसको पूर्वप्रेमिकाबाट एक छोरा छ । उनीहरू कहिल्यै विवाहित थिएनन्, अनि कसरी सम्बन्ध विच्छेद भयो ? मान्छेहरू सधैं भावनात्मक रूपमा हेरफेर गरिएका कुरा र प्रमाण बिनाका गलत कुराहरूमा बढी विश्वास गर्छन् ।'

उनले विशालकी पूर्वपत्नी सरिता सुब्बा (मुनु)प्रति लक्षित गर्दै आफूलाई धेरैपटक ब्ल्याकमेल गरेको समेत आरोप लगाएकी छन् । उनी अगाडि लेख्छिन्, 'झूटमाथि झूट । म उनीसँग कहिल्यै संलग्न हुने थिइनँ । यद्यपि, उनले मलाई धेरैपटक ब्ल्याकमेल गरिन् । उनी अझै पनि उसलाई बढी पैसाको लागि ब्ल्याकमेल गर्छिन्, यो दुर्व्यवहार हो ।' विशालकी पूर्वपत्नी सुब्बाले पनि बुधबार एक भिडियो सन्देशमार्फत आफूहरू विवाहित रहेको र बच्चा पनि छ भन्ने थाहा हुँदाहुँदै साम्राज्ञीले आफ्नो पूर्वश्रीमानसँग सम्बन्ध राखेको दाबी गरेकी थिइन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

जेनजी आन्दोलन: लुटिएका हातहतियार फिर्ता ल्याउन 'सेक्युरिटी अपरेशन' सञ्चालन

# अपराधिक कार्यमा संलग्न ५९५ पक्राउ, २८३ विरुद्ध मुद्दा दर्ता

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ गृहमन्त्री ओमप्रकाश अर्यालले गत २३ र २४ भदौमा लुटिएका हातहतियार फिर्ता ल्याउन देशभर 'सेक्युरिटी अपरेशन' सञ्चालन गरिएको बताएका छन् ।

बिहीवार राष्ट्रियसभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा गृहमन्त्री अर्यालले यस्तो बताएका हुन् । उनकाअनुसार हालसम्म आन्दोलनको क्रममा लुटिएका हतियारमध्ये ७२३ थान हतियार बरामद गरिएको छ । गृहमन्त्री अर्यालले जेनजी आन्दोलनका क्रममा जेलब्रेक गरी भागेका १४ हजार ५ सय ५४ कैदीबन्दीमध्ये ९ हजार ६ सय ९७ जनालाई फिर्ता ल्याइएको बताए । बाँकी ४ हजार ८ सय ५७ फरार कैदीको खोजीका लागि विशेष अपरेशन प्रक्रिया जारी रहेको उनले बताए ।



गृहमन्त्री अर्यालले जेनजी आन्दोलनको क्रममा अपराधिक घटनामा संलग्न ५ सय ९५ जनालाई पक्राउ गरिएकोमा २ सय ८३ जनाविरुद्ध मुद्दा दर्ता भइसकेको बताए । उनले आगामी आम निर्वाचनमा सुरक्षाका लागि सेना परिचालनसम्बन्धी प्रस्ताव राष्ट्रिय सुरक्षापरिषद्बाट पारित भइसकेको जानकारी गराए । उनले सातै प्रदेशमा निर्वाचनलक्षित प्रदेशस्तरीय सुरक्षा गोष्ठी सञ्चालन हुँदै आएको बताए । सुरक्षा निकायको सुदृढीकरणका लागि आवश्यक उपकरण र सवारी साधन किन्न स्रोत सुनिश्चित गरिएको बताउँदै उनले नेपाल प्रहरीका लागि २ सय ६२ सवारी, सशस्त्र प्रहरीका लागि १ सय ९९ र राष्ट्रिय अनुसन्धान विभागका लागि ६ सवारी खरिद प्रक्रिया अगाडि बढाइएको स्पष्ट पारे ।

'हराएका हातहतियार तथा खरखजाना फिर्ता ल्याउन सबै सुरक्षा निकायले सूचना आदानप्रदान गरी कार्ययोजना बनाइ संयुक्तरुपमा प्रभावकारी 'सेक्युरिटी अपरेशन' सञ्चालन गर्न जिल्ला सुरक्षा समितिलाई निर्देशन दिई कार्यान्वयन गरिएको छ । हालसम्म ७ सय २३ थान हतियार फिर्ता ल्याइएको छ । जेनजी आन्दोलनको क्रममा कारागार तथा बन्दीगृहबाट भागेका तथा फरार भएका १४ हजार ५ सय ५४ कैदीबन्दीमध्ये ९ हजार ६ सय ९७ जनालाई फिर्ता ल्याइ सकिएको छ । बाँकी ४ हजार ८ सय ५७ जनालाई फिर्ता ल्याउन विषेश अपरेशन सञ्चालन गरिएको छ' उनले बताए ।

गृहमन्त्री अर्यालले विपद्को प्रतिकार्य र व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुखको संयोजकत्वमा मनसुन प्रतिकार्य कमाण्ड फोर्स गठन गरी सञ्चालनमा ल्याइएको बताए । उनका अनुसार गत आर्थिक वर्षमा बाढीपहिरो, भूकम्प, भारी वर्षा, चट्याङ, आगलागी, सर्पदंश, वन डढेलो, जंगली जनावरको आक्रमण, हावाहुरी, लेकलाग्ने घटना तथा सडक दुर्घटना गरी विभिन्न विपद्को कारण ३ हजार १ सय ५७ जनाको मृत्यु भएको छ ।

उनले ४८ जना बेपत्ता, ४५ हजार ९ सय ८२ जना घाइते, र १७ हजार ६ सय ३० घरपरिवार प्रभावित भएको उल्लेख गरे । गृहमन्त्री अर्यालले मनसुनजन्य विपद्बाट मात्र कुल मानवीय क्षतिको ७५ प्रतिशत क्षति भएको बताए । उनका अनुसार गत आर्थिक वर्षमा प्राकृतिक तथा मानव सिर्जित विपद्का कारण कुल २ अर्ब ७५ करोड २६ लाख ८० हजार ६ सय ७४ रुपैयाँ आर्थिक क्षति भएको बताए । उनले देशका ७७ वटै जिल्लामा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिएको बताए ।

अस्पतालको 'बेड'बाटै पोखरेल महाधिवेशन प्रतिनिधि उम्मेदवार

# १६ जना प्रतिनिधिका लागि ८० जनाको उम्मेदवारी



साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेलले पार्टीको ११ औं केन्द्रीय महाधिवेशनको लागि प्रतिनिधि बन्न उम्मेदवारी दर्ता गराएका छन् ।

सवारी दुर्घटनामा परेर विगत सात महिनादेखि उपचाररत् पोखेलले बुधवार पार्टी कार्यालय मकवानपुरमा वारेसनामामार्फत् आफ्नो उम्मेदवारी दर्ता गराएका हुन् । काठमाडौंमा उपचाररत् पोखेलले टेलिफोनमा कुरा गर्दै भने, 'आउँदो ११ औं महाधिवेशनमा सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी बहनगर्दै मैले प्रतिनिधिमा उम्मेदवारी दर्ता गराएका छु ।'

अध्यक्ष पोखरेलले स्वास्थ्य सुधारोन्मुख भइरहेको जानकारी गराउँदै छिट्टै पार्टी काममा फर्किने बताए । पोखेलको केही दिनमा शल्यक्रियाको तयारी भइरहेको छ । त्यसअघि परिवारका सदस्यको पनि शल्यक्रिया रहेकाले आफू अस्पतालमा रहिरहेको जानकारी दिए ।

मकवानपुरको क्षेत्र नम्बर १ र २ बाट १६ जना प्रतिनिधि चयनका लागि ८० जनाले निर्वाचन प्रक्रियामा भाग लिन उम्मेदवारी दर्ता गराउँदा पोखेलले १ नम्बर क्षेत्रबाट मनोनयन गराएका छन् ।

एमालेको ११ औं महाधिवेशन मंसिर २७ गते देखि २९ गते काठमाडौंमा हुने तयारीसँगै मकवानपुर एमालेले प्रतिनिधि चयन प्रक्रिया अगाडि बढाएको हो । जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ बाट खुलातर्फ ३० जनाले उम्मेदवारी दिएको निर्वाचन कमिटी संयोगक सूर्यचन्द्र न्यौपानेले जानकारी दिए । यस्तै महिलातर्फ ८ जना र युवातर्फ १० जनाले उम्मेदवारी दिएको उनले बताए ।

न्यौपानेका अनुसार निर्वाचन क्षेत्र नम्बर २ बाट खुला तर्फ १६ जना, महिलातर्फ १० र युवातर्फ ६ जनाले उम्मेदवारी दर्ता गराएका छन् । क्षेत्र नम्बर १ बाट ८ जना र क्षेत्र नम्बर २ बाट ८ जना निर्वाचित हुनेछन् । दलितक्षेत्र अन्तरगत १ जना प्रतिनिधिको लागि जिल्लाभरिबाट निर्वाचित हुनेछन् । क्षेत्र नं १ बाट खुला ४ जना, महिला ३ जना र युवा १ जना गरी ८ जना तथा क्षेत्र नं २ बाट खुला ४ जना, महिला ३ जना र युवा १ जना गरी ८ जना निर्वाचित हुने एमाले मकवानपुरले जनाएको छ ।

महाधिवेशनको लागि जिल्लाबाट १७ जना प्रतिनिधि चयन हुनेछन् । प्रतिनिधि चयनको लागि आगामी १३ गते निर्वाचन हुने बताइएको छ । प्रतिनिधि छनोटका लागि क्षेत्र नं १ बाट ४ हजार १०९ जना, क्षेत्र नं २ बाट ४ हजार २६४ जना र दलित क्षेत्रबाट २६२ जना मतदाता रहेको एमाले मकवानपुरले जनाएको छ ।

## दलित महिला समूहलाई बीउपूँजी वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ दलित महिला संघ (फेडो) मकवानपुरले उद्यम विकास प्रवर्द्धनका लागि ४ वटा स्थानीय तहका ३० वटा दलित महिला समूहलाई बीउपूँजी हस्तान्तरण गरेको छ ।

बिहीबार जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा आयोजित कार्यक्रममा हेटौंडा उपमहानगरपालिका, बकैया गाउँपालिका, भीमफेदी गाउँपालिका र मनहरी गाउँपालिकामा रहेका महिला समूहलाई २५ हजारदेखि ६० हजार रुपैयाँसम्मको बीउपूँजी वितरण गरिएको हो । फेडोका अनुसार हेटौंडा उपमहानगरका २० वटा समूह, बकैयाका ८ समूह र भीमफेदी तथा मनहरीका एक/एक समूहले बीउपूँजी प्राप्त गरेका छन् । उद्यम विकास प्रवर्द्धन कार्यक्रमअन्तर्गत ६० हजार रुपैयाँ र अनुदान मिलन कोषमार्फत् २५ हजार रुपैयाँ प्रदान गरिएको हो ।

हेटौंडाका ५ समूहले ६० हजार रुपैयाँ र १५ समूहले २५ हजार रुपैयाँ प्राप्त गरेका छन् । त्यस्तै, बकैया गाउँपालिकामा ५ समूहलाई ६० हजार र ३ समूहलाई २५ हजार रुपैयाँ उपलब्ध गराइएको सचिव विमला विश्वकर्माले बताइन् । भीमफेदी र मनहरीका एक/एक समूहले २५-२५ हजार रुपैयाँ प्राप्त गरेका छन् । बीउपूँजी वितरणअघि प्रत्येक समूहका महिलालाई आवश्यक सबै तालिम प्रदान गरिएको सचिव विश्वकर्माले बताइन् । दलित महिलालाई विभिन्न व्यवसाय, कृषि, पशुपालन, घरेलु उद्योग तथा हस्तकला क्षेत्रमा संलग्न गराएर आर्थिक सुदृढता बढाउने उद्देश्यले फेडोले विगत तीन वर्षदेखि कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

कार्यक्रममा सहभागी महिला समूहका सदस्यले फेडोको उद्यम विकास कार्यक्रमले आर्थिक रुपमा सक्षम बनाउनको साथै आत्मविश्वास बढाएको प्रतिक्रिया दिएका छन् । बीउपूँजी ६ महिनासम्म बिनाब्याज प्रयोग गर्न पाउने व्यवस्था रहेको छ । हालसम्म ४६ जना दलित महिला यस योजनाबाट लाभ उठाउँदै सफल उद्यमी बनेको फेडोले जनाएको छ । परियोजनाको पहिलो वर्ष १० समूहलाई ४२ हजार र दोस्रो वर्ष १० समूहलाई ३५ हजार रुपैयाँ वितरण गरिएको थियो । रिफन्डेबल कोषको रुपमा समूहले सिफारिस गरेका सदस्यलाई बीउपूँजी उपलब्ध गराइन्छ ।

रकम लिएको एक महिनाभित्र व्यावसायिक योजना अनुसार काम सुरु गर्नुपर्ने र ६ महिनाभित्र समूहलाई फिर्ता गर्नुपर्ने व्यवस्था सम्झौतामा उल्लेख छ । समयमै काम अघि नबढे फेडोले रकम फिर्ता लैजाने नियम लागू हुँदै आएको छ । नेपालमा दलित महिला तथा किशोरीको मानवअधिकार प्रवर्द्धन परियोजनाअन्तर्गत फाउण्डेशन फर जस्ट सोसाइटीको सहयोगमा कार्यक्रम सञ्चालन हुँदै आएको हो ।

फेडो मकवानपुरकी उपाध्यक्ष सुनिता दर्नालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान प्रमुखअतिथि रहेका थिए । प्रमुखअतिथि घलानले यस्ता कार्यक्रमले महिलालाई आर्थिक सुदृढतासँगै आफ्ना हकअधिकार पहिचान गरी अन्यायविरुद्ध आवाज उठाउन प्रेरित गर्ने बताए ।

## चुनावमा सेना परिचालन गर्न राष्ट्रपतिको स्वीकृति

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ चुनावको सुरक्षाका लागि राष्ट्रपति रामचन्द्र पौडेलले सेना परिचालनको स्वीकृति दिएका छन् । राष्ट्रपति कार्यालयका प्रवक्ता प्रदीपकुमार कोइरालाले बिहीबार विज्ञप्ति जारी गर्दै आउँदो फागुन २१ गते हुने प्रतिनिधिसभा चुनावको सुरक्षाका लागि राष्ट्रपतिले सेना परिचालनको स्वीकृति दिएको उल्लेख छ ।



गएको सोमवार बसेको मन्त्रिपरिषद् बैठकले चुनावलक्षित सुरक्षार्थ सेना परिचालनका लागि राष्ट्रपतिलाई आग्रह गर्ने निर्णय गरेको थियो । गएको भदौ २३ र २४ गते युवाले गरेको आन्दोलनपछि गठित अन्तरिम सरकारले फागुन २१ गतेका लागि प्रतिनिधिसभा चुनाव तोकेको छ । चुनावका लागि शान्तिसुरक्षाको वातावरण नदेखेपछि सरकार सेना परिचालन गर्ने रणनीतिमा पुगेको हो । सरकारले एकीकृत सुरक्षा योजना तयार गर्दा नै अहिलेको सुरक्षा अवस्थाको विश्लेषण गरी सेना परिचालनको निर्णयमा पुगेको हो ।


नेपाली सेना यसअघिका सबै चुनावमा परिचालन हुँदै आएको छ । गएको कात्तिक ३० गते बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले एकीकृत सुरक्षा योजना स्वीकृत गर्ने निर्णय गरेसँगै सेना परिचालनको प्रक्रिया अगाडि बढेको हो । मङ्सिर ४ गते राष्ट्रिय सुरक्षा परिषद्ले पनि सेना परिचालनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने निर्णय गरेको थियो । तीनचरणको सुरक्षा योजनाअनुसार पहिलोचरणको सुरक्षाका लागि सेना खटिनेछ ।

यस्तै चुनावअघि नै नवयुवाको आन्दोलनमा लुटिएका हतियार फिर्ता गर्न र फरार कैदीबन्दी पक्राउ गर्न पनि सेनासहितको विशेष अप्रेशन सञ्चालन गर्ने सरकारको योजना छ । नवयुवाको आन्दोलनमा नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट लुटिएका ५ सय ८६ थान हतियार पनि सेनाले नै फिर्ता ल्याएको थियो । ती हतियार सेनाले सम्बन्धित प्रहरीलाई फिर्ता गरेको छ । प्रहरीका अनुसार झन्डै ६ सय हतियार तथा साढे ४ हजार कैदीबन्दी अहिले पनि सम्पर्कमा छैनन् । त्यस्तै प्रहरीका कार्यालयसहितका संरचनामा पनि ठूलो क्षति पुगेका कारण यसपटक सेना छिट्टै सक्रिय हुन लागेको हो ।(

## लिपुलेक-लिम्पियाधुरा समेटिएको सय रुपैयाँको नयाँनोट बजारमा

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर /नेपाल राष्ट्र बैंक लिमिटेडले एकसय रुपैयाँको नयाँनोट मंसिर ११ गते बिहीबारबाट प्रचलनमा ल्याएको छ ।




निवर्तमान गभर्नर महाप्रसाद अधिकारीले हस्ताक्षर गरेको नयाँनोट राष्ट्र बैंकले ल्याएको हो । नोट संकेत नं. २० क ००००01 देखि ४० घ ९९९९९९ सम्म रहेको राष्ट्र बैंकले जनाएको छ । 'नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैयाँ १०० रुपैयाँ एकसय तुरुन्त पाइने छ' भन्ने लेखिएको छ । नोटको बायाँतर्फ सगरमाथाको चित्र, दायाँतर्फ लालीगुराँसको पानीछाप, मध्यभागमा नेपालको लिम्पियाधुरा र लिपुलेक समेटिएको नक्शा, मध्यभागमा अशोकस्तम्भको चित्र, दृष्टिविहीनलाई नोट पहिचानको लागि छामेर थाहा पाउने एउटा कालो थोप्ला रहेको राष्ट्र बैंकले जनाएको छ ।

नोट २ मिमि चौडा भएको रङ परिवर्तन हुने (नोटलाई सीधा हेर्दा रातो रङ र ढल्काएर हेर्दा हरियो रङ देखिने) सुरक्षण धागो रहेको केन्द्रीय बैंकले जनाएको छ । नेपालीमा 'वि.सं. २०८१' लेखिएको छ । यसअघि राष्ट्र बैंकले २०७६ साल असोज ७ गतेदेखि रुपैयाँ १०० दरको बैंकनोट संकेत नं. ओ १८ ००००01 देखि क ३७ ९९९९९९ सम्म चलनचल्तीमा ल्याइने भनेको थियो । तर, १८ ओ ००००01 देखि १९ क १९ ०३४५०० सम्म मात्र चलनचल्तीमा ल्याइएको राष्ट्र बैंकले जनाएको छ ।

## १५ हजार ९ सय ६० ट्रामाडोलसहित अटोचालक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ११ मंसिर/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ स्थित तरकारी बजारक्षेत्रमा मकवानपुर प्रहरीले अवैध लागुऔषध सहित एक अटो चालकलाई पक्राउ गरेको छ ।

राप्तीरोडबाट थानाभन्ज्याङ तर्फ गइरहेको बा.प्र.०३-००१ ह ०१२६ नम्बरको अटो प्रहरीलाई देख्नेबित्तिकै फरार हुन खोजेपछि शंकाको आधारमा खटिएको प्रहरी टोलीले अटोको पछाडि पछ्याउँदै हेटौंडा-१ तरकारी बजारक्षेत्रमा अटो रोकेर चालकलाई नियन्त्रणमा लिएको हो । चालक हेटौंडा-१३ बस्ने २७ वर्षीय सोनम मोक्तान रहेका प्रहरीले जनाएको छ ।

मोक्तानको रितपूर्वक खानतलासी गर्दा अटोभित्र लुकाइ छिपाई राखिएको अवस्थामा अवैध लागुऔषध 'ट्रामाडोल' का १५ हजार ९६० क्याप्सुल फेला परेका जनाइएको छ ।

बरामद गरिएको लागुऔषध तथा अटो समेत प्रहरीले नियन्त्रणमा लिएर लागुऔषधसम्बन्धी मुद्दामा आवश्यक अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

महिला हिंसा अन्त्य गरौं ।

- महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
- महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
- कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
- हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
- कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
- घर-परिवार, विद्यालय, कार्यलय र समाजमा समान व्यवहार गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
- महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं ।

*महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं*

नेपाल सरकार
विज्ञापन बोर्ड

श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०८/१० मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- विन्द्र लाल श्रेष्ठ समेत-३ जना (छोरा)* *जग्गावाला- बद्रि लाल श्रेष्ठ (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक हेटौंडा वडा नं. १. को तपशिलको जग्गा राजगुठी मौजाको रैती नं. १३ को रैती बद्रि लाल श्रेष्ठको नाममा कायम भई निज बद्रि लाल श्रेष्ठकै नाममा सर्वे नापी नक्सा भई फिल्डबुक कायम भएको तपशिल बमोजिमका जग्गा दर्ता हुन छुट भएकोमा फिल्डबुकवाला हाम्रो बुवा बद्रि लाल श्रेष्ठको २०३५ साल तिरै मृत्यु भएको र निजकी पत्नि हाम्री आमा पनि बुवाको मृत्यु पश्चात दोस्रो विवाह गरी पर घर गईसकेकोले हकखाने हकदारहरु हामी छोराहरु जेठो बिन्द्र लाल श्रेष्ठ, माहिलो बिक्रम लाल श्रेष्ठ र कान्छो विवेक लाल श्रेष्ठ गरी ३ जना मात्र भएको र उल्लेखित तपशिलंका जग्गा बुवाको मृत्यु पश्चात साविकदेखि हाल सम्म निरन्तर रुपमा हामी हकदार छोराहरुले नै भोगचलन गरी हकभोग गरी आएकोले हामी हकदारहरु बिन्द्र लाल श्रेष्ठ-१, बिक्रम लाल श्रेष्ठ-१ र विवेक लाल श्रेष्ठ-१ गरी ३ जनाको नाममा संयुक्त छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि साविकमा द.नं. ११४१२ मिति २०७०/०१/३१ मा मागदावी निवेदन पेश भई सूचना समेत प्रकाशित भई गुठी संस्थानबाट गुठि यकीन गरी नियामानुसार दर्ता गरिदिने भनि प्रतिवेदन सहित पत्र संलग्न राखी मिसिल तामेलीमा रहेको अवस्थामा हेटौडा उपमहानगरपालिका १ नंबर वडा कार्यालयको च.नं. ७३५ मिति २०८२/०६/२९ को हकभोग खुलेको छुट जग्गा दर्ता तथा नामसारी सम्बन्धी सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, साविक भोग लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं. ३६२१ मिति २०८२/०६/२६ मा तामेली जगाई कार्यवाही गरी पाउँ भनि पुन: मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकहरुको माग दावी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकहरुको माग दावी सत्य नभई झुठा भए वा निवेदकहरु बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

तपशिल

| सि. नं. | फिल्डबुकको व्योहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | बद्रि लाल श्रेष्ठ हे.न.पा. वडा नं.-१ बावु-हरिलाल बाजे-...... | हेटौंडा | १ | २१३ | ०-४-२.५ | बिन्द्र लाल श्रेष्ठ-१, बिक्रम लाल श्रेष्ठ-१ र विवेक लाल श्रेष्ठ-१ गरी ३ जना | जि.म. हेटौंडा राजगुठी मौजाको को रैती नं. १३ को रैती बद्रिलाल श्रेष्ठ |

*ईति संवत २०८२ साल मंसिर महिनाको १० गते रोज ४ शुभम्..................।*

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना